राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञाबर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २५, अङ्क– ११, असोज १७ गते शुक्रबार, २०७६ (04 October, 2019) www.janajibro.com मूल्य रू. १०/-

# चाडबाडकेन्द्रित आवातजावत खचाखच

## दसैं-तिहार नजिकिँदै, उपत्यका बाहिरिनेको लर्को

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** नेपालीको घर आँगनमै आइपुगेको वडा दसैं मनाउन विभिन्न कामकाजका कारण उपत्यकामा बसोबास गर्दै आएकाहरु घर फर्कनेहरु र चाडपर्वमा आवश्यक पर्ने सर सामान किनेमिले गर्न राजधानी पस्नेहरुको लर्को चलेको छ । नजिकँदै गरेको दसैंका लागि यही असोज ५ गतेदेखि एघार लाख ९१ हजार नौसय ८८ जना मानिस राजधानीबाट बाहिरिनुका साथै सातलाख ६९ हजार यात्रु राजधानी भित्रिएका पनि छन् ।

महानगरीय ट्राफिक महाशाखाकाअनुसार नेपालीहरुको महान् पर्व विजया दशमी मनाउन झन्डै १२ लाख सर्वसाधारण काठमाडौ उपत्यकाबाट बाहिरिएका छन् ।



असोज पहिलो सातादेखि चाडवाड केन्द्रित आवातजावत भइरहँदा महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक भीमप्रसाद ढकालले यात्रुहरू भित्रिने क्रम भने विस्तारै घट्दै गएको जानकारी दिए । ढकालले यही अवधिमा एक लाख ३७ हजार सवारी साधन बाहिरिएको र एक लाख १७ हजार भित्रिएको पनि जानकारी दिए ।

दसैंकै लागि एक लाख २७ हजार तीनसय छ यात्रुले अग्रिम टिकट बुकिङ् समेत गरेका प्रमुख ढकालले जनाए । प्रहरीले यही असोज पहिलो सातादेखि चाडवाड केन्द्रीत विशेष सुरक्षा योजना कार्यान्वयनका लागि राजधानीमा तीन सय क्रमशः अन्तिम पृष्ठमा

## निर्भयतापूर्वक बाँच्न पाउनु पर्नेमा प्रधानमन्त्रीको जोड

**काठमाडौं ।** प्रधानमन्त्री केपी शर्मा ओलीले पारस्परिक विश्वास र शान्तिपूर्ण सहअस्तित्त्व, एकअर्कालै निर्भयपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित हुनुपर्ने बताएका छन् । महात्मा गान्धीको १५०औं जन्मजयन्तीका अवसरमा नेपाल भारत मैत्री समाजद्वारा राजधानीमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै शान्तिपूर्ण र सत्याग्रहको विचार एवं सादा जीवनका पक्षहरू अहिले अझ बढी सान्दर्भिक भएको बताएका हुन् ।

प्रधानमन्त्री ओलीले गान्धी सत्यको पक्षमा उभिन प्रेरित गरेको स्मरण गर्दै उनका कालजयी र मानवतायुक्त विचार, व्यवहार र योगदान बारेमा लामो चर्चा गर्न सकिने उल्लेख गरे ।

उतिबेलाका औपनिवेशिक भारतलाई कसरी मुक्त बनाउने भन्नेमा गान्धीको शान्तिपूर्ण विचार बलियो साबित भएको चर्चा गर्दै प्रधानमन्त्री ओलीले थपे- क्रमशः अन्तिम पृष्ठमा

## विश्व आर्थिक मञ्चको कार्यक्रम दिल्ली उडे अर्थमन्त्री

**काठमाडौं ।** विश्व आर्थिक मञ्चको कार्यक्रममा सहभागी हुन अर्थमन्त्री डा. युवराज खतिवडा बुधबार भारत प्रस्थान गरेका छन् । अक्टोबर ३ र ४ (असोज १६ र १७) मा भारतमा हुने उक्त कार्यक्रममा सहभागी हुन अर्थमन्त्री खतिवडा नयाँदिल्ली प्रस्थान गरेका हुन् ।

मन्त्री खतिवडाले विश्व आर्थिक मञ्चको कार्यक्रमबीच दक्षिण एशियाको आर्थिक परिदृश्य विषयमा अतिथि वक्ताका रूपमा सम्बोधन गर्ने कार्यक्रम छ । त्यसक्रममा उनले नेपालको विकास एजेन्डा, आर्थिक स्थिति, लगानीको वातावरणमा आएको सुधार, राजस्व क्षेत्रमा भएका सुधारलगायतका विषयमा समेत सहभागीहरूलाई जानकारी गराउने छन् ।

मन्त्री खतिवडाले कार्यक्रमको सिलसिलामा विश्वआर्थिक मञ्चका अध्यक्ष बर्ज ब्रेण्डसँग क्रमशः अन्तिम पृष्ठमा

# ‘मुलुकको मुहार फेर्न दलबीच एकता अत्यावश्यक’

## प्रतिगमनकारी शक्तिले सत्ता कब्जा गर्छु भन्नु कल्पना बाहिरको कुरा

**काठमाडौं ।** देशको समृद्धि र विकासका लागि सबै दलबीच एकता आवश्यक पर्ने सत्ताधारी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का प्रवक्ता नारायणकाजी श्रेष्ठले बताएका छ ।

मुलुकको परराष्ट्र नीति, शिक्षा नीति तथा विकासको ठोस योजना कार्यान्वयन गर्न आम सहमति आवश्यक पर्ने जिकिर गर्दै प्रवक्ता श्रेष्ठले राष्ट्रले विकासमा फड्को मार्न सबै दल तथा नागरिक समुदायबीच आम एकता आवश्यक रहेको विश्लेषण गरेका हुन् ।

लोकतन्त्र विरोधी र प्रतिगमनकारी शक्तिले सत्ता कब्जा गर्छु भन्नु कल्पनाबाहिरको कुरा भएको नेता श्रेष्ठको टिप्पणी थियो । विस्थापित शक्ति जहिले पनि चलमलाउन खोज्नु सामान्य भएको भन्दै उनले लोकतान्त्रिक शक्तिको राम्रो



कामले मात्रै त्यस्ता शक्ति निरुत्साहित हुने उल्लेख गरे ।

रेडियो सन्देशद्वारा आयोजित प्रदेश नं ३ का पत्रकारहरुको भेलालाई सम्बोधन गर्दै प्रवक्ता श्रेष्ठले भ्रष्टाचारको प्रभावकारी नियन्त्रणसहितको सुशासनले मुलुकमा क्रमशः अन्तिम पृष्ठमा

## आफ्नैसँग आक्रोश : ‘सभापतिको होस खुलोस्’

**काठमाडौं ।** प्रमुख प्रतिपक्षी दल नेपाली काङ्ग्रेसभित्र शीर्ष नेताहरूले एकले अर्कालाई ‘गुटगत राजनीति गरेको’ आरोप लगाउन छाडेका छैनन् ।

प्रतिपक्षको भूमिकामा समेत कमजोर बनेको काङ्ग्रेस केन्द्रदेखि गाउँ तहसम्म गुट-उपगुटमा विभाजित भई आन्तरिक द्वन्द्वमा फसेको छ।



केन्द्रका शीर्ष नेतादेखि गाउँका साधारण कार्यकर्तासम्मको एउटै भनाइ छ- ‘काङ्ग्रेसले आन्तरिक गुट-उपगुट क्रमशः अन्तिम पृष्ठमा

# के नयाँ विश्व व्यवस्था बन्दैछ ?

**समय-सन्देश**
**घनश्याम भुसाल**

सन् २०१३ मा सी जिनपिङले आफ्ना प्रवचनमा पुरानो रेशम मार्गलाई आजका आर्थिक विकाससँग जोड्ने विषय उल्लेख गरे । त्यसैलाई अहिले ‘बेल्ट एन्ड रोड इनिशिएटिभ’ भनिएको छ र यो विश्वव्यापी बहसको विषय बनेको छ ।

चिनियाँ कम्युनिस्ट पार्टीको १८औं महाधिवेशनका दौरान सी जिनपिङले चिनियाँ कम्युनिस्ट पार्टीका दुई शताब्दी लक्ष्यहरूको उल्लेख गरे । १९औं महाधिवेशनमा ती लक्ष्यहरूको व्याख्या यसअनुसार गरियो । सन् २०२१ मा चिनियाँ कम्युनिस्ट पार्टी स्थापनाको एक सय वर्ष पुग्छ, त्यसबेलासम्म चीनलाई औसत रूपले समृद्ध मुलुक बनाउने र, । सन् २०४९ मा जनगणतन्त्र चीन स्थापनाको सय वर्ष पुग्छ, त्यसबेलासम्म चीनलाई एउटा समृद्ध, शक्तिशाली, लोकतान्त्रिक, उन्नत संस्कृतियुक्त र सामञ्जस्यपूर्ण समाजवादी मुलुक बनाउने । ती लक्ष्यहरूको प्राप्तिका लागि अवलम्बन गरिने रणनीति र योजनालाई सी जिनपिङ विचार भनेर पार्टीको विधानमै उल्लेख गरियो ।

चीन हजारौं वर्षदेखि बाहिरी दुनियाँका लागि रहस्य, कौतूहल र आश्चर्यको विषय बनिरह्यो । अहिले फेरि, खासगरी सी जिनपिङ चीनको नेतृत्वमा आएपछि ती कौतुलहलसँग विश्वव्यापी बहस तातेको छ । समसामयिक दुनियाँमा पश्चिमको उदारवादी लोकतन्त्रका सबैभन्दा अघिल्लो पंक्तिका एकजना बौद्धिक फ्रान्सिस फुकुयामाले २०१६ को सुरुमै एउटा लेखमा सी जिनपिङको बिआरआईबारे भनेका छन्- ‘सन् २०१३ मा राष्ट्रपति सी जिनपिङले एउटा पाटो, एउटा बाटो नामको विशाल पहलकदमीको घोषणा गरेका छन् । यदि एउटा पाटो, एउटा बाटोले चिनियाँ योजनाकारहरूको अपेक्षा पूरा गर्‍यो भने इन्डोनेसियादेखि पोल्यान्डसम्म सम्पूर्ण युरेसियासम्म नै आगामी पुस्तासम्म परिवर्तन हुनेछ । चिनियाँ मोडल सबैतिर फैलिने छ, जसले ती मुलुकहरूको आय बढाई दिनेछ । र चीनको तानाशाही सरकारको प्रतिष्ठामा ठूलो बृद्धि हुनेछ जसले संसारभरि नै लोकतन्त्रमा ठूलो नकारात्मक प्रभाव पार्ने छ । (हामी) चीन र त्यसको विकासको मोडलका सामु युरेसिया र संसारका अरू महत्त्वपूर्ण भागहरूलाई सुपुर्दगी गर्नुपर्ने खतरामा पर्नेछौं ।’

फुकुयामाको संकेत चीनको उदयले पश्चिमको अगुवाइमा बनेको पुरानो विश्वव्यवस्थाको क्रमशः दोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्।
>
> -लेनिन

**जनजिब्रो साप्ताहिक**

वर्ष- २५, अङ्क- ११, असोज १७ गते शुक्रबार, २०७६

## सम्पादकीय

# बडादसैंको शुभकामना !

यतिबेला हामी सबै नेपालीहरू आफ्ना सबैभन्दा ठूला चाडपर्व दसैं-तिहार मनाउने अन्तिम तयारीमा छौं । दसैंले छपक्कै छोपिसकेको छ। आ-आफ्ना परिवारजनका साथ घरघरमा दसैं मनाउने उद्देश्यका साथ लाखौंलाख नेपाली उपत्यकाबाट बाहिरिँदै छन् ।

आर्थिक आर्जनका हिसाबले गरिब भए तापनि हामी नेपालीहरू चाडपर्व, रीति-रिवाज, संस्कृति एवम् सांस्कृतिक वैभवका हिसाबले सम्भवतः विश्वमै सबैभन्दा धनी छौं । यही यथार्थतालाई हृदयंगम गरेर कहिलेकाहीं हामी बहकिने पनि गरेका छौं । 'घाँटी हेरेर हाड निल्नू' भन्ने पूर्खाको उपदेशलाई बिर्सदै चाडपर्व मान्ने नाममा हामीले कतिपय विकृति-विसंगतिहरूलाई समेत प्रश्रय दिने गरेका छौं ।

हामी देखासिकीमा लागेर वा अहंकारमा बहकिएर समेत आफ्नो हैसियत र गच्छेभन्दा बढी खर्च र तडकभडक पनि गर्दछौं । पर्व मनाउने र रमाइलो गर्ने नाममा हामी जाँडरक्सी, जूवातास आदिजस्ता कुलतमा फसेर आफू, घरपरिवार र समाजलाई बर्बाद तुल्याउने कार्यमा समेत फस्ने गरेका छौं । यदाकदां मानवताविरोधी रुढीवादलाई संस्थागत गर्ने कार्यमा समेत लागिपर्ने गरेका छौं । यस्ता सबैखाले विकृति-विसंगतिहरूलाई त्याग्दै महान् पर्व बडादसैंलाई मानवतावादी, समाजवादी एवम् भ्रातृत्वपूर्ण पर्वका रूपमा खुशी, सुखी र हर्सोल्लासका साथ मनाऔं । बडादसैंको सबैमा शुभकामना !

# के नयाँ...

ठाउँमा नयाँ विश्वव्यवस्था बन्दैछ भन्ने नै हो । यसबारे जे हुँदै छ त्यो हाम्रै सीमानामा वा आँगनको डिलमा हुँदै छ । पश्चिमी मोडेलको असफलता एकीकृत शक्तिका रूपमा रोमन साम्राज्यको पतनपछि पुरोपमा धर्मले शासन गऱ्यो जुन समयलाई इतिहासमा मध्ययुग भनिन्छ । पछि धर्मले पनि त्यो वैधता पाउन छाड्यो वा एकीकृत इशाई धर्म नै विवादित भएपछि धर्मले सिर्जना गरेको वैधता पनि खण्डित भयो । त्यसपछि राजा-रजौटाको वैमनश्य र युद्ध- 'सबैका विरुद्ध सबैको लडाइँ'- युरोपको मुख्य प्रवृत्ति भयो । त्यसले गर्दा एउटा धर्मबाट निरपेक्ष समाधान खोज्नुपर्ने भयो । त्यसै क्रममा वेष्टफेलियामा युरोपमा एउटा ऐतिहासिक सन्धी भयो जसले राज्यको सार्वभौमिकतालाई राज्यहरूका सम्बन्धको आधार बनायो ।

मुख्यतः सबै राज्यहरू समान छन् भन्ने मान्यता विकसित गऱ्यो । अर्थात एक अर्काको सार्वभौमसत्तालाई सम्मान गर्न तिनीहरूका बीचमा शान्ति, अहस्तक्षेप, अनाक्रमणजस्ता अवधारणाहरू विकसित गरिए । क्रिश्चियन दुनियाँ र धर्मलाई सिरानी राखेर गरिएको भए पनि त्यसले अलौकिक ईश्वरका ठाउँमा लौकिक राज्यका सन्तुलनमा ध्यान दियो । सार्वभौम समानताबारे यति धेरै ध्यान दिइएको थियो कि सन्धीमा हस्ताक्षर गर्ने ठाउँमा पस्दा को पहिले पस्यो वा पछि पस्यो भन्ने कुराले पनि सम्झौताकारीहरूका बीचमा उँचोनिचो नदेखियोस् भनेर प्रतिनिधिहरूका लागि अलग-अलग ढोकाहरू बनाइए र भित्र पस्दा एउटै समयमा र गतिमा पस्ने व्यवस्था मिलाइयो । यद्यपि, उक्त सन्धिमा हस्ताक्षर भएपछि नै त्यसको उल्लंघन हुन थाल्यो । त्यो सन्धि कार्यान्वयन भयो कि भएन भन्नेभन्दा पनि राज्यहरूका बीच समस्या समाधान गर्ने समानतामा आधारित एउटा व्यावहारिक प्रक्रियाको आरम्भ भयो । जुन ऐतिहासिक थियो । राज्यहरूको सार्वभौमसत्ता भनेको मूलतः युरोपेली शक्तिशाली राज्यहरूको सार्वभौमसत्ता थियो । त्यो राष्ट्रवाद औद्योगिक क्रान्तिसाथै विस्तार हुँदै गयो र त्यसले संसारलाई उपनिवेश बनायो । यसरी वेष्टफेलिया सन्धिले भनेको सार्वभौमिकता युरोपेली राज्यहरूको सार्वभौमिकता बन्न गयो । उपनिवेशहरूका लागि ती सार्वभौम भनिएका मुलुकहरूका बीचमा हुने लडाइँको क्रम भने चलिरह्यो । उपनिवेशको विस्तारलाई उनीहरू असभ्य दुनियाँलाई सभ्य बनाउने मिसनका रूपमा व्याख्या गर्थे । औपनिवेशिक साम्राज्यहरूका बीचमा 'असभ्यहरूलाई सभ्य बनाउन', वस्तुतः बजार कब्जा गर्नका लागि भएका लडाइँले दुईवटा विश्वयुद्ध भए । दोस्रो विश्वयुद्धसम्म आउँदा उपनिवेशहरूमा मुक्तिको लहर चलिसकेको थियो । त्यसले फेरि नयाँ विश्व व्यवस्थाको माग गऱ्यो । संयुक्त राष्ट्रसंघ त्यसैको उपज थियो । तर, त्यसको बनावट नै कस्तो भयो भने फेरि पनि पश्चिमका मुलुकहरूको वर्चस्व रहन गयो । संयुक्त राष्ट्रसंघको स्थापनासँगै आरम्भ भएको शीतयुद्धले गर्दा त्यसमा साना र कमजोर मुलुकहरूका गरिबी, अभाव, अशिक्षा, रोगजस्ता मुद्दाहरू भिटो राष्ट्रहरूका प्रभाव विस्तारका छायामा परे । संयुक्त राष्ट्र संघका सबै सदस्य राष्ट्रहरू औपचारिक रूपमा सार्वभौमसत्ता सम्पन्न भनिए पनि तिनको अभ्यास निर्वाध बन्न सकेन । त्यसको परिणाम सन् १९५५ को बानडुङ सम्मेलन थियो जसले असंलग्न आन्दोलन जन्म्यो । यो आन्दोलन दुई ध्रुवमा विभाजित विश्वमा आफ्नो स्वतन्त्र अस्तित्व खोज्ने राष्ट्रहरूको अन्तर्राष्ट्रिय राजनीतिक मञ्च थियो । सोभियत संघको विघटनपछि आफ्नो सान्दर्भिकता पुष्टि गर्न सकेन । यसै क्रममा संसारका विभिन्न भागमा क्षेत्रीय सहयोगका संगठनहरू बनेका छन् । सोभियत संघको विघटनपछि विश्व एक ध्रुवीय बनेको विश्वमा पश्चिमका पुँजीवादी मुलुकहरूको छत्रछायामा उदारवादी अर्थतन्त्र र राजनीतिले विश्वमा समृद्धि र शान्ति स्थापित हुन्छ भन्ने प्रचार गरिएको थियो । तर, स्वयं पुँजीवादी मुलुकहरू एकपछि अर्को आर्थिक संकटमा पर्दै गए भने अर्कोतिर विश्व प्रभुत्वको साम्राज्यवादी भोक शान्त भएन बरु अनेकौं युद्धहरू भइसकेका छन् । तर पश्चिमले दुनियाँलाई 'सभ्य' बनाउन सकेन । वस्तुतः आर्थिक रूपले आफ्नै खुट्टामा उभिन नसक्ने मुलुकहरूको सार्वभौमसत्ता जुनसुकै बेला खतरामा पर्न सक्छ । यसरी दुनियाँमा आर्थिक अन्तरनिर्भरतामा आधारित नयाँ भरपर्दो संरचना आवश्यक भइसकेको छ । यसै बेला बिआरआई अगाडि आउनु इतिहासको आवश्यता हो भन्न सकिन्छ । सोभियत सोभियत मोडलको असफलता सोभियत संघको जन्म विश्व इतिहासको रंगमञ्चमा एउटा नयाँ युगको आरम्भका रूपमा भयो । त्यसले राजनीति, अर्थतन्त्र, समाज, संस्कृति, ज्ञान-विज्ञानका क्षेत्रमा नयाँ अवधारणा अगाडि सान्यो । व्यक्तिकेन्द्रित, समुदायकेन्द्रित, जाती केन्द्रित, राष्ट्रकेन्द्रित, नश्लकेन्द्रित र मूलतः अर्काको शोषणमा आधारित मानव समाजको ठाउँमा स्वतन्त्रता र समाानताको आधारमा नयाँ सम्बन्धहरू बन्न सक्छन् भन्ने पुष्टि गऱ्यो । यो विश्व व्यवस्थामा एउटा विकल्प थियो । सोभियत क्रान्तिका अगुवा द्रष्टाहरू त्रोत्स्की र लेनिन रुसी क्रान्तिले युरोपमा क्रान्ति ल्याउँछ र सोभियत क्रान्ति बाँच्छ भन्ने सोच्दथे । त्यस्तो भएन । लेनिनको मृत्युपछि एउटै मुलुकमा क्रान्ति बचाउनुपर्ने भयो । जुनसुकै बेला साम्राज्यवादसँग लड्नुपर्ने परिस्थितिमा सोभियत संघलाई छिटै शक्तिशाली बनाउने रणनीतिअन्तर्गत स्टालिनको नेतृत्वमा असाधारण महत्त्वाकांक्षी योजनाहरू बनाइए र त्यसका लागि त्यस्तै असाधारण कसिलो पार्टी र राज्य संरचना बनाइयो, त्यसले दोश्रो विश्वयुद्धको सामना गर्न सक्ने सैन्य तथा उत्पादनको व्यवस्था गऱ्यो । दोस्रो विश्वयुद्धले भत्केको पश्चिम युरोपको पुनरुत्थानका लागि सन् १९४८ मा अमेरिकी योजनमा 'मार्सल प्लान' सुरु भयो । लगत्तै १९४९ मै अमेरिकी नेतृत्वमा उत्तर एटलान्टिक सन्धी संगठन (नाटो) नामको सैन्य गठबन्धन बन्यो । त्यसको प्रत्युत्तरमा सोभियत नेतृत्वमा पूर्वी युरोपका समाजवादी मुलुकहरूको 'काउन्सिल फर म्युचुअल इकोनोमिक एसिस्टन्स' सन् १९४९ मा र वार्सा प्याक्ट भनिने सुरक्षा संगठन बन्यो । शीतयुद्धको मोर्चाबन्दी यी दुई ध्रुवका वरिपरि हुँदै गयो । पूर्वी युरोप र क्युवासमेतको एउटै उत्पादन पद्धतिमा बाँधिएको समाजवादी शिविरको जिम्मा सोभियत संघमै थियो । विश्वव्यापी युद्धको व्यवस्थापन गर्ने सैन्य-कर्मचारीतन्त्रलाई विस्तार हुँदै गयो ।

युद्धसामग्रीको उत्पादन उत्पादनको मुख्य क्षेत्र भयो । सामाजिक पूर्वाधार, उपभोग्य सामग्रीहरूको उत्पादन, उत्पापदनका नयाँ प्रविधिको अनुसन्धान ओझेलमा पर्दै गयो । तर, उत्पादनले सैन्य-कर्मचारीतन्त्रको संरचनालाई थेग्न गाह्रो हुँदै गयो । अर्थात् जति बढी युद्धको तयारी त्यति बढी खर्च, जति बढी खर्च त्यति कम उत्पादनको दुश्चक्र सुरु भयो । यस्तो दुश्चक्रले पार्टी र राज्यलाई अझै बढी नियन्त्रणमुखी बनाउँदै गयो । अर्थात अर्को दुश्चक्र शुरु भयो- जति बढी नियन्त्रण त्यति कम उत्पादन । समाजवादी राज्य र पार्टीका मामिला आम जनताका सरोकारका भन्दा टाढा हुँदै गए । पार्टी र राज्य, राज्य र नागरिक, नागरिक र पार्टीको अलगाव बढ्दै गयो । अर्कोतिर नेतृत्वले आफ्नो सफलताको औचित्य पुष्टि गर्न नयाँ नयाँ घोषणा गर्दै रह्यो । कस्तो विराधाभास देखियो भने १९६१ को बाइसौं महाधिवेशनले समाजवादबाट साम्यवादमा संक्रमणको कार्यक्रमबारे धारणा बनायो । जबकी १९६५ तिर पुग्दा वास्तविक उत्पादन र जीवनस्तरमा ठहराव आउन थालिसकेको थियो । १९८० पछि नेतृत्वमा अस्थीरताले बढ्यो । समग्र सोभियत सत्ताको समीक्षा गर्न र सुधारका उपाय खोज्न ढिलो भैसकेको थियो । यसरी सोभियत संघ ढल्यो । आजको शक्तिशाली चीनको उदयलाई इतिहासका यी अनुभवका आधारमा पनि हेर्नु पर्छ । चीनको विकास र चिनियाँ क्रान्तिको भवितव्य चिनियाँ क्रान्तिको संकल्पका बारेमा माओले १९५७ मा भनेका थिए- 'चीनमा आधुनिक उद्योग र आधुनिक कृषिको आधार निर्माण गर्न अहिलेदेखि गन्दा दशदेखि पन्ध्र वर्ष आवश्यक हुनेछ । त्यसपछि मात्र । आधारभूत रूपबाट समााजवादी समाज निर्माण भएको कुरा मान्न सकिनेछ । यो आगामी दसदेखि पन्ध्र वर्षमा आधारभूत रूपले सम्पन्न गर्नुपर्ने अभिभारा हो । त्यसपछिका अभिभाराहरू आठदेखि दसवटा पञ्चवर्षीय योजनामा आर्थिक दृष्टिले संयुक्त राज्य अमेरिकालाई भेट्टाउन र उछिन्न तम्तयार हुनु नै हुन् ।' ३ नयाँ चीनको स्थापनापछि पुँजीको विकास गर्दै समाजवादको तयारी गर्ने दिशामा अगाडि बढ्यो । तर, दस वर्ष पनि नपुग्दै सन् १९५७ पछि क्रमशः समाजवादी सामूहिकीकरणतर्फ अगाडि बढ्न थाल्यो । 'महा छलाङ' र 'सर्वहारा सांस्कृतिक क्रान्ति' का अभ्यासका क्रममा 'समाजवादी वितरण' लाई जोड दिँदा आधारभूत रोजगारी, आवास र स्वास्थ्यमा आमजनताको पहुँच स्थापित भयो तर उत्पादन अवरुद्ध भयो, उत्पादक शक्तिको विकास रोकियो । जुनबेला सोभियत संघ र चीनको आर्थिक उत्पादन अवरुद्ध भएको थियो यसबेला चीनले 'सुधार' र 'खुला' पनको घोषणा गऱ्यो । त्यसलाई चिनियाँ कम्युनिस्ट पार्टीले 'चिनियाँ चरित्रको समाजवादी बजार अर्थव्यवस्था' भन्यो । बजार अर्थव्यवस्था भने पनि वस्तुतः त्यो राज्य निर्देशित बजार अर्थव्यवस्था थियो । त्यसको दुई दशकसम्म उत्पादनमा जोड दिइयो जसले चीनलाई २५० डलरबाट ११०० डलर प्रतिव्यक्ति आय भएको मुलुक बनायो । उत्पादनमा जोड दिँदा एकातिर गाउँ र शहरको जीवनस्तरमा ठूलो भिन्नता देखा पऱ्यो, नीजी पुँजीको विकास असाधारणरूपले बढ्यो भने अर्कातिर वातावरण विनाशको परिणाम डरलाग्दो बन्न थाल्यो । त्यसलाई मध्यनजर गर्दै २००३ मा भएको १७ औं महाधिवेशनले आर्थिक बृद्धिले सिर्जना गरेका चुनौतिहरूको सामना गर्नु पर्ने कुरामा जोड दियो । खासगरी एकातिर आर्थिक बृद्धि असाधारणरूपले बढ्नु तर त्यहि मुलुकमा निरपेक्ष गरिबीको रेखा मुनी करिब आधा जनसऱ्या रहने कुरा चिनियाँ कम्युनिस्ट पार्टीका लागि चुनौति थियो । महासचिव हु जिन्ताओको नेतृत्वमा अवलम्बन गरिएका विकासका ती रणनीतिहरूलाई १८ औं महाधिवेशनले 'विकासमा वैज्ञानिक दृष्टिकोण' भनेर व्याख्या गऱ्यो र पार्टीको माार्गदर्शक सिद्धान्तमा थप्यो । १८औं महाधिवेशनसम्म पुग्दा चीनको अर्थतन्त्रको आकार असाधारणरूपले विस्तार भयो । प्रतिव्यक्ति आयका हिसाबले ५ हजार डलरबाट माथि लाग्यो । अर्को १० वर्षमा त्यो १० हजार डलर हुँदै थियो । चीन विश्वको सबैभन्दा धनी मुलुक, त्यस अर्थमा विश्व महाशक्ति बन्दैछ भन्ने भविष्यवाणी हुन थाल्यो । एकातिर कम्युनिस्ट पार्टीले नेतृत्व गरेको राज्य व्यवस्था, राजकीय पुँजीको वर्चस्व अर्कातिर करिब १० करोड नागरिक निरपेक्ष गरिबीको रेखा मुनी रहेको अवस्था, नीजी पुँजीको विकासले सिर्जना गरेको धनी र गरिबको ठूलो अन्तर, पुँजीको विकासका दौरानमा पार्टी र राज्यका निकायहरूमा बढेको भ्रष्टाचारजस्ता विपरित अवस्थाले चीन फेरि एउटा ऐतिहासिक चुनौतिका अगाडि उभियो : या त चिनियाँ कम्युनिस्ट पार्टी र क्रान्तिको औचित्यमाथि पुँजीको विजय या पुँजीमाथि समाजवादको विजय । राज्य नियन्त्रित अर्थतन्त्रमा कर्मचारीतन्त्रको क्यान्सर कसरी विकसित हुन्छ भन्ने कुरा सोभियत इतिहासले स्पष्ट पारिसकेको छ । चीनका लागि अझ ठूलो खतरा के छ भने त्यहाँ विदेश र देशभित्रकै निजी पुँजीको ठूलो अंश छ । पुँजीले राज्य र पार्टीलाई त्यसले एकाधिकारी पुँजीलाई बढाउँदै चीनलाई सजिलै एउटा पुँजीवादी मुलुकमा झार्न सम्भव हुन्छ । फेरि चीनमा संकलित पुँजी र उत्पादक क्षमताले गर्दा चीन केवल पुँजीवादी मुलुक मात्रै रहन्न बरु स्वतः साम्राज्यवादी दिशामा जान्छ ।

अर्कोतर्फ चिनियाँ कम्युनिस्ट पार्टी जुन ऐतिहासिक अवस्थामा जुन मिसनका साथ जन्म्यो र हुर्क्योस पार्टी, सरकार र सेनामा जुन ऐक्यता कायम गऱ्योस कम्युनिस्ट पार्टीले आम चिनियाँ जनतामा एकता, विश्वास र प्रतिष्ठा विकसित गऱ्योस समृद्धिको विश्व इतिहासमा जुन सफलता प्राप्त गऱ्यो त्यसलाई संरक्षण र विकास गर्दा चीन समाजवादी विश्वको केन्द्र बन्न सक्ने सम्भावना पनि त्यत्तिकै छन् । त्यसैले अहिले चीनमा सी जिनपिङको नेतृत्वलाई माओले १९५७ मा भनेजस्तो सबैभन्दा विकसित र समाजवादी चीन बनाउने संकल्पका वरिपरी यहि अर्थराजनीतिक परिस्थितिमा हेर्नु पर्छ । सी विचार चिनियाँ कम्युनिस्ट पार्टीको १९औं महाधिवेशनले सी जिनपिङ विचारधारालाई मार्गदर्शक सिद्धान्तको रूपमा अंगीकार गऱ्यो । १८औं महाधिवशेनकै समयदेखि उनले 'दुई शताब्दी लक्ष्यहरू' बारे उल्लेख गर्दै आएका थिए । त्यस अवधारणालाई १९औं महाधिवेशनले व्याख्या गऱ्यो । त्यसअनुसार पहिलो शताब्दी ९पार्टी स्थापना भएको सय वर्ष ९२०२१० लक्ष्यमा पार्टीका १६औं, १७औं महाधिवेशनमा किटान गरिएको मुख्य अन्तरविरोधहरूलाई सम्बोधन गर्नु,४ सामञ्जस्यपूर्ण आर्थिक, राजनीतिक, सांस्कृतिक, सामाजिक र पर्यावरणीय विकासलाई बढाउनु, गरिबी निवारण गर्नु, दिगो विकास, प्रदूषण नियन्त्रणजस्ता कामहरू गर्दै चीनलाई औसत रूपले समृद्ध मुलुक बनाउनु पहिलो शताब्दी लक्ष्यका रूपमा व्याख्या गरियो । दोस्रो शताब्दी लक्ष्य (नयाँ चीन स्थापनाको सय वर्ष २०४९ सम्म) लाई पहिलो १५ र दोस्रो १५ वर्षमा विभाजन गरियो र २०३५ सम्ममा समाजवादी आधुनिकीकरणलाई आधारभूत रूपले सम्पन्न गर्ने गाउँ र सहर, एक र अर्को प्रदेशका साथै (नागरिकहरूको) जीवनस्तरका असमानताहरू अन्त्य गर्ने, कानुनको शासन तथा सुशासनलाई सुदृढ पार्नेलगायतका लक्ष्यहरू राखिएको छ । अर्को १५ वर्षमा चीनलाई भौतिक, राजनीतिक, सांस्कृतिक, नैतिक र पर्यावरणीय हिसाबले नयाँ उचाइमा पुऱ्याएर एउटा विकसित समाजवादी मुलुक बनाउने उद्देश्यहरू प्रस्ट पाऱ्यो । सी जिनपिङको उपर्युक्त कार्ययोजनाले चीनलाई-चिनियाँ राज्यलाई समाजवादतर्फ निर्दिष्ट गरेको छ । उत्पादक शक्तिको विकास नै समाजवादको ग्यारेन्टी होइन, तर उत्पादक शक्तिको विकासविना समाजवाद सम्भव हुँदैन । सी जिनपिङको यस योजनाले के बताउँछ भने चीन उत्पादक शक्तिको विकासका हिसाबले समाजवादको नजीक जाँदै छ । साथै चीनमा उत्पादक शक्तिको विकासको बाटो पुँजीवाद-एकाधिकार पुँजीवाद-साम्राज्यवाद होइन, बरु त्यसको ठाउँमा समाजवादको योजनाबद्ध तयारी र विकास नै हो भन्ने कुरा सैद्धान्तिक तथा नीतिगत रूपमा स्पष्ट पारेको छ ।

एउटा कुनै खास बिन्दुसम्म उत्पादक शक्तिको विकास गर्ने र त्यसपछि समाजवाद लागू गर्ने होइन, बरु उत्पादक शक्तिको निरन्तर विकास र समाजवादको निर्माण सँगसँगै गरिने कुरा हो ।

बिआरआई आफु चिनियाँ कम्युनिस्ट पार्टीको महासचिव निर्वाचित भएपछि सी जिनपिङले इतिहासकै सबैभन्दा महत्त्वकांक्षी विकासको अन्तर्राष्ट्रिय योजना अगाडि सारे जसले पुरानो रेशममार्गलाई दुई हजार वर्षपछि नयाँ रूपमा ब्युँताउँछ र एसिया, अफ्रिका, युरोप र ओसिनियाका करिब ७० वटा मुलुकलाई र ६२ प्रतिशत विश्व जनसंख्यालाई प्रत्यक्षतः समेट्छ ।

बिआराआई क्षेत्रका मुलुकहरूमा सहकार्य

क्रमशः अन्तिम पृष्ठमा

# नेपालका लागि असंलग्नताको नीति नै उपयुक्त

## – विचार-दृष्टिकोण –

**सीपी गजुरेल**

इण्डो-प्यासिफिक रणनीतिको विषय नेपालमा धेरै कम चर्चा हुने गरेको पाइन्छ। हाम्रा परराष्ट्र मन्त्री अमेरिका जानुभएपछि यो विषयमा चर्चा चल्न थालेको हो र यसबारेमा अमेरिकासँग सम्झौता भयो भएन भन्नेबारे बहस हुन थाल्यो। मन्त्री नेपाल आउनुभएपछि अमेरिकाले नेपाल उक्त रणनीतिको विश्वासिलो साझेदार हो भन्यो। त्यसले विषय गम्भीर बन्न पुग्यो र शंकाउपशंकाहरू उठ्न थाले।

यो विषय दुईटा कारणले अत्यन्तै महत्त्वपूर्ण छ। एउटा, यो रणनीति नेपालको राष्ट्रिय स्वाधीनता र सुरक्षासँग जोडिन्छ। दोस्रो अहिलेको सरकार साँच्चै नै इण्डो-प्यासिफिक रणनीतिको साझेदार नै बनेको हो भने नेपालले अपनाउँदै आएको परराष्ट्रनीति खारेज हुन्छ, नेपाल असंलग्न देश रहँदैन।

जे जसरी पालना भएको भए पनि असंलग्नताको नीति हाम्रो लागि उपयुक्त विदेश नीति हो। नेपाललाई जोगाउनको लागि त्यो नीतिले धेरै काम गरेको छ र त्यहीअनुसार नै नेपाल चल्नुपर्छ। इण्डो-प्यासिफिक रणनीतिमा हामी अमेरिकाको साझेदार बन्यौं भने कुनै न कुनै बेला नेपालले असंलग्न परराष्ट्र नीति छाड्नुपर्ने हुन्छ। यति महत्त्वपूर्ण विषय भएको हुनाले यसबारेमा धेरै राम्रो छलफल हुनु आवश्यक छ।

इण्डो-प्यासिफिक रणनीति हो कि नीति हो भन्ने कुरा उठ्यो ? कतिपयले अमेरिकाले नै रणनीति भनेको छैन भन्ने ढंगले पनि कुरा उठाउने गरेका छन्। पहिले अमेरिकाले रणनीति भने पनि पछि नीति भन्न थालेको, अमेरिकाले नै छोडिदिएको हुनाले त्यो रणनीति भएन, पोलिसी मात्रै भयो भन्ने कुरा पनि आयो।

तर कुटनीतिमा सबै कुराहरू खोलेर भनिँदैन।

आफ्नो राष्ट्रिय हितका आधारमा कुटनीतिक कुराहरू राख्ने र अघि बढाइने गरिन्छ। तर एउटा कुटनीतिज्ञले तथ्यमै उल्झाएर राख्न त मिल्दैन।

त्यसकारण, इण्डो-प्यासिफिक रणनीति होइन, नीति मात्रै हो भन्ने कुरा तथ्य भन्दा बाहिर गयो भन्ने मलाई लाग्छ।

अमेरिकी रक्षा विभागले तयार पारेको रिपोर्टले पनि इण्डो-प्यासिफिक रणनीति नै उल्लेख गरेको छ। शीर्षकमा मात्र रणनीति भनिएको छैन, सो रिपोर्टको भित्र पनि त्यसलाई चीन, रुस र उत्तर कोरियालाई लक्षित गरिएको उल्लेख छ। त्यसकारण यो रणनीति हैन, नीति मात्रै हो भन्ने कुरा मिल्छ जस्तो लाग्दैन। अतः यो रणनीति भनेरै यसबारेमा हामीले छलफल गर्नुपर्छ, यथार्थ नै त्यही हो भन्ने मलाई लाग्छ।

चीन र भारतका बीच युद्ध हुन्छ हुँदैन र यो रणनीति त्योसँग जोडिएको छ कि छैन भन्ने कुरा पनि आयो।

मलाई पनि के लाग्छ भन्ने अहिल्यै चीन र भारतका बीच युद्ध हुँदैन। डोक्लामको घटनामा दुवै पक्षका कमाण्डरहरू आमनेसामने भए, हतियारबन्द हुँदाहुँदै पनि कसैले पनि फायर खोलेनन्, कुश्ती मात्रै भयो। कहीँ अहिलेको लडाईंमा जनरलहरूले पनि त्यसरी कुस्ती खेल्छन् ? त्यसले पनि चीन भारतबीच तत्कालै युद्ध हुँदैन कि?

यति भन्दाभन्दै कतिपयले भारत र चीन बीचको शत्रुता कम भएको र मित्रता बढेको कुरा गर्छ।

भारतले चीनले अघि सारेको बीआरआईलाई मान्दैन। एकजना भारतीय रक्षाविद्ले पनि काठमाडौंमै पनि भनिसकेका छन्ः हामी बीआरआईलाई मान्दैनौं। बीआरआईको बाटोले पाकिस्तान अधिनस्थ काश्मिरलाई छुन्छ, सोही कारण पनि बीआरआईलाई मान्दैन। दोस्रो, यो रणनीति यस क्षेत्रका लागि मात्रै हो कि अन्यत्र समेतका लागि हो, त्यो प्रष्ट नभएको कारणले पनि हामी यसलाई मान्दैनौं।

भारत र चीनबीच मित्रता झाँगिँदै गएको स्थिति हुन्थ्यो भने उसले बीआरआईलाई चाहिँ किन मान्दैनथ्यो ? तथापि, अहिले नै चीन र भारतबीच युद्ध भइहाल्छ भन्ने म मान्दिनँ।

मैले धेरै कुटनीतिज्ञहरूसँग, जानकारहरूसँग सोध्ने गरेको छुः आफैंमा सम्पन्न देश नहुँदा पनि उत्तर कोरियाले किन परमाणु हतियार बनाउँछ जबकि ऊभन्दा धेरै सम्पन्न राष्ट्रहरूले परमाणु हतियार बनाउन सकेको छैन ? त्यसमा मैले एकहप्ता अगाडि मात्रै पाएको चित्तबुझ्दो जवाफ के रह्यो भन्दा, उत्तर कोरियालाई ध्वस्तै पार्ने अमेरिकी योजना हो र उत्तर कोरियालाई अमेरिकाले मिसाइल आक्रमण गर्छ भन्ने डर हमेशा रहने गर्छ।

विभिन्न देशहरूमा अमेरिकाले त्यसरी आक्रमण गर्ने गरेको छ तर परमाणु बम भएको देशलाई हानेको चाहिँ रेकर्ड छैन। त्यही कारण उत्तर कोरिया परमाणु बम बनाउँछ।

यो बडो चित्तबुझ्दो जवाफ लाग्छ। अहिले उत्तर कोरियाले विकसित गरेको परमाणु हतियार चाह्यो भने अमेरिकासम्म पनि पड्काउन सक्छ भन्ने कुरा अमेरिकीहरूले नै पनि भनेका छन्। त्यसकारण, युद्ध विस्फोट भइहाल्छ कि हाल्दैन भन्ने कुरा योसँग पनि जोडिएको छ र अहिले नै युद्ध भइहाल्छ भन्ने लाग्दैन।

त्यसैगरी, अहिले नै अमेरिका र चीनका बीच युद्ध भइहाल्छ भन्ने पनि लाग्दैन। किनभने यी दुवै शक्तिशाली राष्ट्र हुन्।

यस पृष्ठभूमिमा हामीले इण्डो-प्यासिफिक रणनीतिका बारेमा छलफल गर्दा चीनको भन्दा पनि आफ्नै चिन्ता लिएर कुरा गर्दा राम्रो हुन्छ। युद्ध भइहालेमा चीनले आफैं मिलाउनेछ, त्यसबारेमा हामी चिन्तित भइबस्नै पर्दैन। हामी चिन्तित हुनुपर्ने विषय भनेको चाहिँ यो रणनीतिले हाम्रो देशमा के हुने हो ?

अफगानिस्तानको उदाहरण हेर्ने हो भने पहिले त्यो देश पनि शान्तिपूर्ण देश थियो।

अहिले त्यहाँको अवस्था भयानक कुरुक्षेत्र भयो। त्यहाँको जनता, सरकार, राजनीतिक पार्टीहरूको हातमा अहिले केही पनि छैन।

हामीले विचार गरिरहँदा नेपालमा अमेरिकाले इन्डोप्यासिफिक रणनीति ल्याउँदा यो पक्षमा ध्यान दिनैपर्ने हुन्छ। इण्डो-प्यासिफिक रणनीतिले अहिले केही गर्ने हैन किन टाउको दुखाइरहने भन्ने कुरा पनि उठ्ने गर्छ।

अहिले नै गरिहाल्छ, भोलि नै गरिहाल्छ भन्ने पनि हैन तर अमेरिकाद्वारा प्रायोजित यो इण्डो-प्यासिफिक रणनीति यहाँ लागू गरियो भने पछि भविष्यमा के हुने हो भन्नेबारे हामीले आजैदेखि सोच्न जरुरी छ।

जुन बेला पानी पर्ला, त्यही बेला छाता ओढौंला भनेर यो समस्या समाधान हुँदैन। यो विषयमा बहस, छलफल, राष्ट्रिय र अन्तर्राष्ट्रिय भूमिका खेल्नुपर्ने हुन्छ।

अमेरिकाले अहिलेको उदीयमान शक्ति भनेको चीनलाई टार्गेट गरेर यो सुरु गरेको हो।

अमेरिकालाई चुनौति दिने शक्ति त चीन बन्दैछ। यसकारण चाहिँ त्यहाँ अमेरिकाको चासो बढेकै हो। यो इण्डो-प्यासिफिक रणनीति चीनतिर लक्षित छ।

उदीयमान शक्ति भएका कारण अमेरिकाले चीनलाई नै मुख्य खतरा देखेको छ।

इण्डो-प्यासिफिक रणनीतकिा बारेमा हाम्रो चासो भनेको त्यसले पार्ने प्रभाव नै हो- कतै नेपाल रणभूमी बन्ने खतरा त छैन ? हामीले त्यो खतरा छैन भनेर सोच्नु हुँदैन।

चीन एउटा उदीयमान शक्ति हो, अमेरिका त शक्तिशाली देश भइहाल्यो। अमेरिकाले पहिला नेपाललाई धेरै महत्त्व दिँदैनथ्यो। भारतले पनि पहिला नेपाललाई आफ्नो आँगन ठान्थ्यो। अरु देशले आफ्नो आँगनमा फुटबल भलिबल खेलेको उसले मन पराउँदैनथ्यो। अमेरिकाले नेपालसम्बन्धी नीति भारतको आँखाबाट हेर्थ्यो। हामीलाई चाहियो भने तिमीहरूबाटै गराउँछौँ भन्थ्यो। तर अहिले ऊ सिधै आएको छ, सामान्य रूपमा आएको छैन। अमेरिका यसरी नेपालमा पसेको त भारतलाई पनि मन परेको छैन। आफूले एक छत्र रूपमा सञ्चालन गरिरहेको नेपालमा अमेरिका आएको भारतलाई पनि मन परेको छैन तैपनि यहाँ अमेरिका आउने भयो।

अमेरिकाले विशेषगरी ३ कुरामा जोड दिएको छ, आर्थिक, राजनीतिक र फौजी। फौजी पक्षमा धेरै महत्त्वपूर्ण खालका अनुसन्धान गरिएको प्रतिवेदनमा उल्लेख गरिएको छ। त्यसकारण यहाँ एउटा खतरा पैदा भएको छ। त्यसकारण हामीले यहाँ यस्तो खालको गतिविधि हुन दिनु हुँदैन।

यहाँ तीन खालका प्रतिस्पर्धा हुन लागेका छन्। एउटा इण्डो-प्यासिफिक रणनीति भइहाल्यो। अमेरिकाले हाम्रो विदेश मन्त्री जाँदा जुन ढंगले प्रस्तुत गर्‍यो, नेपाल उसको रणनीतिको साझेदार बनेको कुरा गर्‍यो र पछि उनीहरूले व्याख्या पनि त्यसैगरी गरे।

नेपाल हामीसँग काम गर्न तयार भएकोले हामीले ५ सय मिलियन डलरको अफर गरेको भनेर अमेरिकाले भन्यो। यसरी प्रस्ट हुन्छः अमेरिकीहरू यहाँभित्र कसरी प्रवेश गर्दैछन् भनेर।

अर्को बिआरआई छ। यससन्दर्भमा अस्ति प्रचण्डजी इन्डोप्यासिफिकलाई तथाकथित भन्नुभयो भनेर बहस भयो।

अहिले सरकार सञ्चालन गर्ने जुन सत्ताधारी पार्टीका मानिसहरू चीन गएर बिआरआई ठीक छ भन्ने मात्र हैन, राष्ट्रपतिलाई नै पठाइदिए।

राष्ट्रपतिले चीनमा भोज खाएर आएको धेरै भएकै छैन यता परराष्ट्र मन्त्रीलाई पठाएर ल अब इण्डो-प्यासिफिक रणनीतिमा हस्ताक्षर भयो भनेर खबर आयो, के हो यस्तो ?

यो दुइटा विपरित कुरा एकैसाथ कसरी हुनसक्छ ?

अर्को बिबिआइन भन्ने पनि अस्ति भर्खर आएको छ। बंगलादेश, भारत, भुटान, नेपाल भन्ने एउटा नयाँ अवधारणा पनि आएको छ। त्यसलाई अब उसले तोड्दैछ।

अमेरिकाले यहाँ आएर भनिसक्यो, नेपाल किन बिआरआईतिर गएको ? बिआरआईमा गएर तपाईलाई फाइदा के ? तपाईहरू केरुङमा गएर रेल जोड्ने भन्नुहुन्छ, खर्च कति लाग्छ ? बेहोर्न सक्नुहुन्छ तपाईंहरू? सक्नुहुन्न। भारतसँग तपाईहरूले सम्बन्ध राख्नुहुन्छ भने बिबिआइन सँग तपाईंहरू जोडिनुभयो भने सडकमार्गले जोडेको छँदैछ अरु सडक बनाउँनै पर्दैन, आवश्यक परेको भारतले सहयोग गरिहाल्छ। तपाईंहरूलाई पर्ने ट्रान्जिटको सुविधा पनि भारतले दिइहाल्छ, तपाईंहरू रेल ल्याउने कुरा गर्नुहुन्छ, हामी ल्याइहाल्छौं नि रेल। तपाईंहरू किन बिआरआईमा जानुपर्‍यो भनेर त भनिसक्यो नि।

यहाँ प्रतिस्पर्धा नै छैन भनेर हामीले कसरी मान्ने ? यहाँ ठूलो प्रतिस्पर्धा छ। नेपाललाई उसले पनि तान्ने र उसले पनि तान्ने भएको छ। यहाँ अहिले भएका नेपालका नेताहरूले चाहिँ सबैलाई ठिक छ, ठिक छ भन्ने। यहाँ शक्तिहरू केन्द्रित भएकै छ। यहाँ अमेरिका आएको छ। चीन छ र भारत छ। यी तीनवटा पावरले नेपाललाई केन्द्र बनाएर गतिविधि गर्न उनीहरू एकदम तयार भएर आएका छन्। त्यसकारण नेपाल रणभूमि बन्ने खतरा टडकारो छ।

यही सरकार भएको बेलामा चीनमा गएर बिआरआई ठिक छ भनिदिने र भारतमा गएर बिबिआइएन नै ठीक छ भनिदिने र अमेरिकामा गयो भने इन्डोप्यासिक रणनीति नै ठीक छ भनिदिने खतरा छ। यो खतराबाट मुक्त हुनका निम्ति जनता नै सचेत हुनुपर्छ। यहाँ सरकारसँग विश्वास

——क्रमशः अन्तिम पृष्ठमा



# सबै मिलेर मुलुकको समृद्धिमा लाग्न पौडेलको आह्वान

**काठमाडौं ।** सत्ताधारी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का महासचिव तथा पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेलले सबै दललाई एकसाथ मिलेर मुलुकको समृद्धिमा अभियानमा लाग्न आह्वान गरेका छन् ।

सामाजिक कार्यमा जस्तै विकास र समृद्धिको कार्यमा समेत सबैले सहकार्य गरेर अगाडि बढ्नुपर्नेमा महासचिव पौडेलको भनाइ थियो । बुटवल उपमहानगरपालिका-१३ मा निर्मित जितेश्वरी मन्दिर तथा सभाहलको उद्घाटन गर्दै उनले विकासका काममा सहकार्य गर्न आग्रह गरेका हुन् ।

स्थानीयको साथ र सहकार्यले विकासलाई अगाडि बढाउन सहयोग मिल्ने धारणा व्यक्त गर्दै नेता पौडेलले बुटवलको सामाजिक, आर्थिक, भौतिक तथा सबै प्रकारका विकासमा साथ र समर्थन रहने प्रतिबद्धता समेत जनाए ।

तीनाउपारीका क्षेत्रको विकासका लागि तीनाउ-दानव करिडोर निर्माणको योजना बनाएको भन्दै यो योजना समयमै सम्पन्न गर्न स्थानीयको सक्रियता आवश्यक पर्ने नेता पौडेलको भनाइ थियो ।

'यो करिडोर तिनाउ र दानव नदीको दोभानबाट शुरु भएर लुम्बिनी जाने सडकसम्म जोडिन्छ' उनले आफ्नो क्षेत्रको विकासमा चासो र सक्रियता बढाउँदै गए योजना पनि समयमै सम्पन्न हुने विश्वास व्यक्त गरे ।

कार्यक्रममा मन्दिर व्यवस्थापन समितिका अध्यक्ष बालकृष्ण गैरे, जितेश्वरी आमा समूहका अध्यक्ष मन्दिरा गौडेललगायतले आ-आफ्ना विचार व्यक्त गरेका थिए ।

# मापसे गरी यात्रुबाहक सवारी हाँक्ने चालक पक्राउ

**काठमाडौं ।** चाडप र्वका समयमा मादक पदार्थ सेवन गरी यात्रुबाहक सवारी साधन चलाउनेलाई थुप्रै चालकलाई प्रहरी पक्राउ गरेको छ ।

यात्रु बोकेर नयाँ बसपार्कबाट मुलुकभरको विभिन्न क्षेत्रतर्फ लाग्ने सवारी साधन चेकजाँचका क्रममा मापसे गरेका ती चालकलाई प्रहरीले पक्राउ गरेका र केही चालक भने फरार रहेको महानगरीय ट्राफिक प्रहरी वृत्त नयाँ बसपार्कले भनेको छ ।

मापसे गरी ना५ख १३२१ नम्बरको बस चालक रोशन विश्वकर्मा, ना५ख ७३६९ नम्बरको बसका चालक शिवजी गिरी, बा४ख ९०६० नम्बरको बस चालक रितेश नेपाल ट्राफिकको फन्दामा परेका छन् भने ना८ख ७२९८ नम्बर को चालक फरार भए ।

ट्राफिक प्रहरीले चाडपर्वलाई लक्षित गरेर विभिन्न संघसंस्थाको सहकार्यमा जनचेतनामूलक अडियो सञ्चालनमा ल्याए पनि मापसे गरी यात्रु बाहक सवारी चलाउने कार्य भने हट्न सकेको छैन ।

दसैंको समयमा मापसेबाट हुने दुर्घटनामा कमी ल्याउन हरेक दिन नयाँ बसपार्कबाट बाहिरिने सवारी साधनलाई मापसे चेक गर्ने गरेको वृत्तका प्रमुख, प्रहरी निरीक्षक मुनेन्द्र थापाले बताए ।

थापाले भने- 'दसैं लागेसँगै हरेक दिन नयाँ बसपार्कबाट उपत्यका बाहिर जाने यात्रुबाहक सवारी साधनका चालकलाई जाँच गरेका छौं, बुधबार मात्र चार चालकलाई मापसे सेवन गरेको भेट्यायौं ।' प्रहरी निरीक्षक थापाले मापसे गरेर पक्राउ परेकालाई कानुन बमोजिम कारबाही गरिने पनि बताए ।

नयाँ बसपार्क सञ्चालनको जिम्मेवारी पाएको ल्होत्से बहुउद्देश्यीय प्रालिका अध्यक्ष इञ्जिनीयर दीपक कुवँर चाडवाडको समयमा हुने दुर्घटना कमी गर्न हरेक सार्वजनिक सवारी साधनको यान्त्रिक परीक्षण गरिएको बताए । 'नयाँ बसपार्कबाट छुट्ने अधिकाशं सार्वजनिक सवारी साधनलाई यान्त्रिक परीक्षण गरेर उपत्यका बाहिर पठाउँदै आएका छौं' उनले भने ।

यस्तै ट्राफिक प्रहरीले चाडवाडको सुरक्षालाई ध्यानमा राखेर उपत्यकाका तीनसय स्थानमा सवारी साधन जाँच गर्दै आएको छ । महानगरीय ट्राफिक प्रहरी महाशाखाका अनुसार दसैं नजिकँदै गर्दा १२ लाख यात्रु गन्तव्यतर्फ लागिसकेका छन् । उता नेपाल प्रहरीले उपत्यकामा हुने टिकट कालोबजारीलाई रोक्न उपत्यकाका मुख्य बसपार्कहरूमा सादा पोशाकमा प्रहरी समेत परिचालन गरिएको बताएको छ ।

# सेवाग्राहीसँग लिएको पाँच लाख रकमसहित ओभरसियर क्याप्प

**काठमाडौं ।** सेवाग्राहीसँग घुस लिएको आरोपमा टोखास्थित लायन्स इन्जिनीयरिङ कन्स्ट्रक्शन एन्ड कन्सल्टेन्सी प्रालिका ओभरसियर प्रशान्त चौधरीलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले फेला पारेको छ ।



घर सम्पन्नताको प्रमाणपत्र मिलाइदिने भन्दै पाँच लाख घुस लिएका चौधरीलाई आयोगको टोलीले सो र कमसहित नियन्त्रणमा लिएको हो ।

टोखा नगरपालिकाबाट भवन निर्माण सम्पन्न प्रमाणपत्र लिन नगरपालिकाका कर्मचारीलाई मिलाउनका लागि भन्दै सेवाग्राहीसँग घुस मागेको भन्ने सूचनाका आधारमा खटिइएको आयोगको टोलीले निज चौधरीलाई घुससहित निजकै कार्यालय परिसरबाट मङ्गलबार पक्राउ गरेको हो ।

# चर्को भाडा असुल्ने सवारीलाई कारबाही, गति समेत जाँचिने

**काठमाडौं ।** जिल्ला ट्राफिक प्रहरी कार्यालय चितवनले राजधानीबाट यसफर्त जाने यात्रु बसका व्यवसायीले चाडपर्वका अवसर छोपेर मनपरी चर्को भाडा असुल्न थालेपछि प्रशासनले चेकजाँच थालेको छ ।



दसैं मनाउन काठमाडौंबाट बाहिरिने यात्रुसँग यातायात व्यवसायीले मनलाग्दी भाडा असुल्न थालेपछि त्यहाँका सडकमा चेकजाँचमा कडाइ पारिएको हो ।

ट्राफिक प्रहरीले यात्रुबसलाई सडकमा रोकेर यात्रुसँग भाडा के-कति तिरेको छ भनेर सोधपुछ गर्न थालेका छन् । चितवनका प्रमुख प्रहरी निरीक्षक चन्द्रकुमार गिरीका अनुसार बुधबार एउटा माइक्रो बसका १७ जना यात्रुको बढी भाडा लिइएको रकम फिर्ता गराइएको छ ।

उनले काठमाडौंबाट यात्रु लिएर कावासोतीतर्फ हिँडेको बा ३ ख ३८९१ नम्बरको माइक्रो बसका यात्रुलाई दुई सय देखि चार सयसम्म बढी असुलिएको भाडा फिर्ता गराइएको बताए । उनका अनुसार यातायात कार्यालयका प्रतिनिधिको रोहवरमा भरतपुरको रामनगरमा चेकजाँच थालिएको हो ।

काठमाडौंबाट आउने यात्रुबसलाई टीकापछि काठमाडौं फर्कने क्रममा पनि चेकजाँच गरिने छ । यात्रुलाई बाध्य पारेर बढी भाडा लिने गरिएको भन्दै उनले त्यस्ता सवारीलाई रकम फिर्ता मात्र नभई कडा कारबाही समेत गरिने बताएको छ । सोही क्रममा सवारी गति पनि चेकजाँच गरिने भएको छ ।

# अनुचित फाइदा उठाउनेलाई सरकारले नछाड्ने

**काठमाडौं ।** सरकारले चाडपर्वका अवसरमा यातायात व्यवसायी, थोक तथा खुद्रा विक्रेतालाई अनुचित फाइदा लिने मनसायले ठगी गर्ने, कानुन मिच्ने, गुणस्तरहीन सामान बिक्री गर्ने, कृत्रिम अभाव सिर्जना गर्ने र कालोबजारी गर्ने कार्य नगर्न आग्रह गरेको छ ।

चाडपर्वको अवसरमा हुने अनियमित कार्य गर्नेलाई सरकारले कानुनअनुसार कारबाही गरिने चेतावनी समेत दिएको छ ।

चाडपर्वका अवसरमा हुने अनियमिततालाई ध्यान दिँदै सरकारले सार्वजनिक बिदाको दिनमा समेत बजार अनुगमन गरिने गृह मन्त्रालयका प्रवक्ता रामकृष्ण सुवेदीले जानकारी दिए । उनले कुनै समस्या भएमा, ठगी भएको र कानुनविपरीतको कार्य भए प्रहरीलाई खबर गर्न समेत सर्वसाधारणलाई आग्रह गरेको छ ।

यस्तै गृह मन्त्रालयले गुनासो भए प्रहरीको सय नम्बरमा, उपत्यकाको १०३, सशस्त्र प्रहरीको ११९४ नम्बरमा फोन गरेर जानकारी गराउन आग्रह गरेको छ । गृहले आपसी सद्भाव, मित्रता अभिवृद्धि गर्ने गरी सांस्कृतिक मान्यताअनुसार चाडपर्व मनाउन भनेको छ ।

यस्तै मन्त्रालयले यातायात व्यवसायी, थोक तथा खुद्रा विक्रेतालाई दिपावली र छठका अवसरमा प्रयोग हुने पटाका, आतिसबाजीजस्ता विष्फोटक पदार्थका कारण सर्वसाधारणको स्वास्थ्य तथा सुरक्षामा प्रतिकूल असर पुग्ने र चोटपटक तथा आगलागी समेत हुने भएकाले यस्ता विष्फोटक पदार्थको प्रयोग एवं बेचबिखन गरेका कारबाही हुने उल्लेख गरेको छ ।

# स्क्रब टाइफसबाट दुईको मृत्यु, सयौं व्यक्ति संक्रमित

**काठमाडौं ।** जिल्ला अस्पतालमा चितवनमा उपचार गराउन आएका स्क्रब टाइफस संक्रमितमध्ये दुई जनाको मृत्यु भएको छ ।

स्वास्थ्य कार्यालय चितवनका कीट नियन्त्रक राम केसीले उपचारका लागि आएका एक हजार २८ जनामध्ये ९९ जनामा स्क्रब टाइफसको सङ्क्रमण फेला परेको हो ।

संक्रमणबाट गैंडाकोटकी एक महिला र रौतहटका एक पुरुष मृत्यु भएको नियन्त्रक केसीले बताए । जिल्लाका अस्पतालमा उपचार गराउन चितवनलगायत नवलपरासी, तनहुँ, गोर्खा, मकवानपुर, धादिङ, रौतहट, बारा जिल्ला बिरामी र हेका छन् ।

साधारणतया यो संक्रमण प्रत्यक्ष मानिसमा नभई झाडीमा पाइने किर्ना र मुसालाई सङ्क्रमण गर्ने ती सङ्क्रमित किर्ना मुसाबाट संक्रमित हुने गर्दछ । त्यस्ता किर्ना बोकेका मुसाले जनावर र मानिसको सम्पर्कमा आएसँगै मानिसलाई पनि उक्त रोग संक्रमण हुने केसीले बताए ।

त्यस्तै ग्रामीण भेगमा किसानलाई प्रत्यक्ष रूपले यस्ता किर्नाले टोकेमा स्क्रब टाइफस रोग सर्ने उनको बताए । यो रोग मानिसबाट मानिसमा नसर्ने भए पनि गर्भवतीलाई स्क्रब टाइफस भए गर्भस्थ शिशुको अंगभंग हुने सम्भावना रहेको पनि केसीले बताए ।

## – संक्षिप्त समाचार –

# सभामुख महराले राजीनामा बुझाएको संघीय संसदमा सूचना

**काठमाडौं ।** संसद सचिवालयमा कार्यरत एक महिलाले दुर्व्यवहारको आरोप लगाएसँगै सभामुख कृष्णबहादुर महराले पदबाट राजीनामा दिएका छन् ।



संघीय संसद सचिवालले सभामुख महराको राजीनामासम्बन्धी सूचना प्रकाशित गरेको हो । संवैधानिक व्यवस्थाअनुरूप उपसभामुखसमक्ष मंगलबार सभामुख महराले राजीनामा दिएका हुन् ।

उपसभामुख डा. शिवमाया तुम्वाहाङ्फेको आदेशअनुसार सचिवलयले प्रतिनिधिसभा नियमावलीबमोजिम सभामुख महराको राजीनामासम्बन्धी विषय सूचनापत्रमार्फत जानकारी गराएको हो । संघीय संसदको अधिवेशन चालू रहेको अवस्थामा सदनमा तथा अधिवेशन नभएको अवस्थामा सभामुखको राजीनामा सूचनामार्फत जानकारी गराउने व्यवस्था रहेको उपसभामुख तुम्वाहाङ्फेले बताइन् ।

'विभिन्न सञ्चारमाध्यममा मेरो चरित्रमा गम्भीर प्रश्न उठाई लगाइएको आरोपबारे सत्यतथ्य, निष्पक्ष र स्वतन्त्र छानबिनका लागि अनुसन्धान गर्न सहज होस् भनी नैतिकताका आधारमा आजैका मितिदेखि राजीनामा दिएको छु,' महराले प्रतिनिधिसभाको सभामुख पदबाट दिएको राजीनामामा उल्लेख छ ।

रिक्त भएको सभामुख चयनसम्बन्धी प्रक्रिया अघि बढाउन संघीय संसदको पाँचौं अधिवेशन प्रारम्भ आह्वान हुनुपर्ने भए पनि कुन दलले सभामुख प्राप्त गर्ने भन्ने विषयमा दलहरूबीच छलफल हुनुपर्ने देखिन्छ ।

तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) छुट्टाछुट्टै दल रहेको स्थितिमा सभामुख र उपसभामुखको चयन भए पनि हाल दुवै पार्टी एउटै बनेको अवस्थामा दुईमध्ये एक पद अन्य दलको पाउनु पर्ने हल्ला समेत चल्न थालिसकेको छ ।

# बालीनालीमा सुख्खा लाग्दा व्यावसायिक कफी खेतीको तयारी

**काठमाडौं ।** मुलुकभरका अधिकांश जिल्लाजस्तै आकाशे वर्षाको भरमा बालीनाली लगाउन बाध्य पाँचथरस्थित तुम्बेवाका किसानलाई गाउँपालिकाका कफीमा आत्मनिर्भर बनाउने भएको छ ।

खडेरीले आहात किसानलाई कफीमा आत्मनिर्भर बनाउने उद्देश्यले कफीको बेर्ना वितरण गर्ने तयारी थालेको तुम्बेकका अध्यक्ष होमनाथ थापाले बताए । उनले पर्वतको एउटा कम्पनीसित सम्झौता गरी एक लाख ३२ हजार कफीको बिरुवा ल्याउने तयारी गरेको जानकारी दिए ।

त्यहाँका कृषकले उत्पादन गरेको कफी समेत सोही कम्पनीले काँचैमा प्रतिकिलो सय रुपैयाँका दरले खरिद गर्ने सम्झौता भएको पनि थापाले जनाए ।

यस क्षेत्रमा अघिल्लो वर्ष लगाएको मुस्ताङे स्याउ र किबीमध्ये किबी उत्पादन दिन सुरु गरिसकेको छ ।

सुख्खाग्रस्त पालिकामा बाली लगाउने समय पानी नपर्ने र उब्जाउ न्यून हुने भएकाले मानिसहरु बसाईं सर्न थालेपछि कृषकलाई आत्मनिर्भर बनाउने उद्देश्यले व्यावसायिक कफीखेती लागि बिरुवा वितरण गर्ने तयारी गरिएको थापाको भनाइ छ ।

# एकै दिन पचासौंलाई टोकेपछि बौलाहा कुकुर नियन्त्रण प्रयास

**काठमाडौं ।** एकैदिन पचास जनाभन्दा बढीलाई बौलाहा कुकुरले टोकेपछि महोत्तरीको विभिन्न स्थानीय तहमा आतङ्क मच्चिएको छ ।

महोत्तरीका प्रहरी उपरीक्षक श्यामकृष्ण अधिकारीका अनुसार जिल्लाको मनरासिस्वा नगरपालिका, एकडारा गाउँपालिका र जलेश्वर नगरपालिकामा मंगलबार एकैदिन पचास जनाभन्दा बढीलाई बौलाहा कुकुरले टोकेर घाइते बनाएको हो ।

एक दिनमै थुप्रै मानिसलाई टोकेपछि उक्त कुकुर नियन्त्रणका लागि जिल्ला प्रहरी कार्यालय महोत्तरीबाट प्रहरीको टोली खटाइसकिएको प्रहरी उपरीक्षक अधिकारीले बताए ।

जिल्ला अस्पताल जलेश्वरका डा मृत्युञ्जयकुमार ठाकुरले कुकुरपीडितलाई जलेश्वरमा प्राथमिक उपचारपश्चात थप उपचारका लागि जनकपुर अस्पतालमा पठाएको बताए ।

मंगलबार दिउँसो करीब तीनदेखि साँझ सात-आठ बजेसम्म कुकुरले टोकेका घाइते आउन थाले पनि जिल्ला अस्पतालमा एआरभी र इम्युनोग्लोबलिन सुई नभएकाले घाइतेलाई जनकपुर अस्पतालमा रिफर गरिएको पनि डा ठाकुरले बताए ।

# विश्व अभूतपूर्व परिवर्तन र चुनौतीहरूबाट गुज्रिरहेको छ

◆ होउ यान्छी

सि जिनफिङको विचारधारामाथि नेपाल र चीनका विज्ञ, विद्वान र मित्रहरू एकसाथ विचार विमर्श गरिरहेको देख्दा निक्कै खुशी छु। सि जिनफिङको विचारधाराको विषयवस्तु निक्कै समृद्ध छ, जसले चिनियाँ विशेषताहरूका साथ समाजवादको सामान्य लक्ष्य र समाजवादको आधारभूत मुद्दाहरूलाई समेट्छ। चीनको अभ्यासमा आधारित राष्ट्रिय विकासमा नयाँ युग, नयाँ सिद्धान्त र मार्गदर्शन छ।

चीनको विकासमा सि जिनफिङको विचारधाराको महत्त्व र प्रासङ्गिकताका बारेमा आफूले बुझेको केही कुरा तपाईंहरू समक्ष म प्रस्तुत गर्न चाहान्छु।

पहिलो- सि जिनफिङको विचारधारामा विशिष्ट चिनियाँ विशेषताहरूका साथ नयाँ विचार र प्रतिज्ञा पर्छन्, जसले हाम्रो समयको मागलाई मूर्त रूप दिन्छ।

यसले चिनियाँ विशेषताहरूका साथ समाजवाद एक नयाँ युगमा प्रवेश गरिसकेको संकेत गर्छ र चिनियाँ विशेषताका साथ कस्तो प्रकारको सामाजवादलाई पालना गर्नुपर्छ र नयाँ युगमा कसरी विकास गर्नुपर्छ र चिनियाँ विशेषताहरूका साथ समाजवादलाई कसरी माथि उठाउने र विकसित गर्ने ? प्रश्नहरूको एक व्यवस्थित उत्तर प्रदान गर्छ। चीनको कम्युनिस्ट पार्टीको १९औं राष्ट्रिय सभाले सि जिनफिङ विचारधारालाई पार्टीको मार्गदर्शनको रूपमा स्थापित गरेको छ।

यसलाई पार्टीको विधानमा लेखिएको छ। १३औं राष्ट्रिय पिपुल्स काङ्ग्रेसको पहिलो सत्रद्वारा अपनाइएको विधानको संशोधनले सि जिनफिङको विचार धारालाई राष्ट्रिय संविधानमा सहभागी गर्‍यो। दोश्रो - सि जिनफिङ विचारधारले राष्ट्रिय कायाकल्पले आफ्नो लक्ष्य पछ्याउनका लागि चीनलाई एक ठोस मार्गदर्शन प्रदान गर्छ।

राष्ट्रपति सि जिनफिङले हामी हाम्रो मिसनप्रति सही रहनुपर्ने र यसलाई पूरा गर्नका लागि निरन्तर प्रयास गर्नु पर्नेमा १९औं सिपिसि राष्ट्रिय सभाको रिपोर्टमा जोड दिनुभएको छ।

चिनियाँ कम्युनिस्ट पार्टीको वास्तविक मिसन भनेको चिनियाँ राष्ट्रकालागि कायाकल्प र चिनियाँ नागरिकका लागि खुशी खोज्नु हो। ४० वर्ष लामो सुधारको युगको सुरुवातपछि चीनले १.३ अर्बबढी मानिसका लागि खाद्यान्न र कपडाको समस्या समाधान गरेको छ।

मानिसको जीवन समान्यतया एक राम्रो स्तरसम्म पुगेको छ, तर विभिन्न क्षेत्रमा मानिसको माग बढ्दो छ।

चीनको विकास र प्रगतिलाई प्रभावित गर्ने समास्याहरूमा केन्द्रित हुँदै, सि जिनफिङ विचारधाराले चीनको दिगो समृद्धिलाई प्राप्त गर्नका लागि विचारहरू, विधिहरू र परिधिहरूको एक संग्रह अघि सारेको छ। तेश्रो- सि जिनफिङको विचारधाराले विश्वव्यापी शासनका लागि एक चिनियाँ योजना र चिनियाँ ज्ञानको प्रस्ताव गर्छ। आजको विश्व अभूतपूर्व परिवर्तन र चुनौतीहरूबाट गुज्रिरहेको छ।

बहु-ध्रुवीकरण, आर्थिक वैश्विकरण, सामाजिक सूचना र सांस्कृतिक विविधताहरूको ट्रेन्ड विकास भइरहेको छ। वैश्विक शासन प्रणाली र अन्तराष्ट्रिय व्यावस्थामा सुधार द्रुत गतिमा भइरहेको छ र विकासशील देशहरू द्रुत गतिमा उठिरहेका छन्। यसबीच, विश्वमा मुख्य परिवर्तन र अनिश्चितताहरू उत्पन्न भएका छन्। व्यापार संरक्षणवाद, पृथकतावाद र पपुलिज्म र अन्य प्रवृत्तिमा वृद्धि जारी छ।

आतंकवाद, साइबर सुरक्षा र जलवायु परिवर्तन जस्ता गैर-परम्परागत सुरक्षा खतराहरू बढ्दै गएका छन्। यस स्थितिमा, चीनले 'बेल्ट एण्ड रोड परियोजना' प्रस्ताव गर्छ, सहभागी हुन्छ विश्वभर शासन प्रणालीमा सुधार गर्नमा सहयोग गर्छ र सहयोगको माध्यमबाट साझा विकासको लक्ष्य प्राप्त गर्ने सिद्धान्तको वकालत गर्छ। चीन विश्वमा मुख्य मुद्दाहरूका लागि नयाँ दिशाहरू, योजनाहरू र विकल्पहरू प्रस्तुत गर्दै मानव जातिका लागि एक साझा भविष्यका साथ एक समुदायको निर्माणको ओकालत गर्छ।

नेपाल चीनको एक नजिक र मिलनसार छिमेकी हो।

दुई देशबीचको मित्रताको लामो इतिहास छ। हालका वर्षहरूमा, सि जिनफिङ विचाराधाराको मार्गदर्शनमा चीनको विकास एक नयाँ युगमा प्रवेश गरेको छ। नेपालले पनि राजनीतिका स्थिरता कायम गरेको छ र 'समृद्ध नेपाल, सुखी नेपाली' लक्ष्यप्रति कडा मिहेनत गरिरहेको छ। वर्तमानमा समयमा दुवै देशबीच उच्च स्तरीय संयुक्त भ्रमणहरू बारम्बार भइरहेका छन्।

कुटनीतिक पारस्परिक विश्वास निरन्तर बढाउदै विभिन्न क्षेत्रमा सहयोग गतिशिल भइरहेको छ।

दुवै देश 'ट्रान्स-हिमालय मल्टी-डायमेनसनल कनेक्टिभिटी नेटवर्क' बनाउका लागि मिलेर काम गरिरहेका छन्।

सन् २०१७ सेप्टेम्बरमा, सि चिनफिङको किताब 'द गभर्नेन्स अफ चाइना'को नेपाली संस्करणको पहिलो खण्डको शुभारम्भ समारोह राष्ट्रपति भवन शीतल निवासमा आयोजना गरिएको थियो।

यही किताबको दोश्रो संस्करण हाल नेपालीमा अनुवाद गरिँदैछ र चाँडै प्रकाशित हुनेछ। चीनको विकासको उपलब्धिहरूको भ्रमण र अध्ययन गर्न, आफ्ना चिनियाँ समकक्षीहरूसँग शासनको अनुभव आदान-प्रदान गर्न र दुवै देशको अनुभवलाई मिलाएर नेपालको विकासमा बढावा दिन नेपाली प्रतिनीधि, विद्वान र मिडियाकर्मी इच्छुक रहेको हामीले देखेका छौं। मैले केही नेपाली मित्रहरू र सञ्चारमाध्यमद्वारा हालै चिनियाँ कम्युनिस्ट पार्टी र नेपाल कम्युनिस्ट पार्टीबीच चर्चा भएको सि जिनफिङ विचारधारालाई लिएर केही अट्कलबाजी र चिन्ता गरिएको महशुस गरेको छु। मलाई लाग्दैन यस्तो अड्कलबाजी र चिन्ताको आवश्यक छ।

पहिलो, चीनले सँधै शान्तिको स्वतन्त्र विदेश नीतिको पालना गर्छ। हामी शासन लगायत विभिन्न क्षेत्रहरूमा नेपालसँग व्यापक आदान-प्रदानलाई प्राथमिकता दिन्छौं। तर हामी विचारधारको निर्यात गर्दैनौं वा कुनै अन्य देशहरूको आन्तरिक मामिलामा हस्तक्षेप गर्दैनौं।

दोश्रो, जस्तो कि अगाडी थुप्रै वक्ताहरूले भन्नुभयो, सि जिनफिङ विचारधारालाई व्यापक रूपले हेरिएको छ र अन्तर्राष्ट्रिय स्तरमा चर्चा पनि भएको छ। सि जिनफिङ विचारधारका बारेमा गहन चर्चा सबै देशहरूका लागि, विशेषगरी विकोन्मूख देशहरूका लगि नयाँ विकासात्मक विचारहरूको अन्वेषणका लागि सहयोगी छ। तेश्रो, चीन र नेपाल मिलनसार छिमेकी हुन्। नेपाल 'समृद्ध नेपाल, सुखी नेपाली' लक्ष्यतर्फ कडा रूपले मिहिनेत गरिरहेको छ। चीनले आफ्नो विकासको अनुभव र ऐतिहाँसिक पाठलाई नेपाली मित्रहरूसँग नेपालको मागहरू र आवश्यकताहरू अनुसार बढ्न र आम विकास हाँसिल गर्नका लागि चीन तयार छ।

हामी आशा गर्छौं, चीन र नेपालले शासन र विकासको अनुभव आदान-प्रदान, निकट सहकार्यलाई अझ गहिरो, द्विपक्षीय सम्बन्धहरूको विकासलाई बढाउन र दुवै देशका नागरिकले लाभ लिन सक्ने बनाउनु पर्दछ।

जतिपनि विशेषज्ञ र विद्वानहरू यस गोष्ठीमा सहभागी छौं, सि जिनफिङको विचारधारामा गहन चर्चा गरौं र दुवै देशहरूको आर्थिक र सामाजिक विकासमा आफ्नो योगदान दिन सक्नुहोस् र विभिन्न क्षेत्रहरूमा हाम्रो द्विपक्षीय सहयोग अघि बढ्नेमा म पूर्ण आशावादी छु। केही दिनपछि नेपालीहरूले दशैं पर्व मनाउँदै हुनुहुन्छ र चीनले पनि आफ्नो स्थापनाको ७०औं वार्षिकोत्सव मनाउँदैछ।

म नेपाली मित्रहरूमा एक खुशीको विदाको शुभकामना व्यक्त गर्न चाहान्छु र चीन-नेपालको मित्रता सँधै रहिरहोस्।

*(चिनियाँ अध्ययन केन्द्रद्वारा आयोजित गोष्ठीमा राजदुत होउ यान्छीले व्यक्त गरेको विचार)*

# नरभक्षी चितुवा नियन्त्रणमा परेपछि सर्वसाधारण ढुक्क

**काठमाडौं।** नरभक्षी चितवाका कारण दमौलीको भानु नगरपालिका- दुई, तीन र चारका सर्वसाधारण हैरान भएका छन्। नरभक्षी चितुवाले बालबालिकामाथि आक्रमण गरी ज्यान लिएपछि स्थानीय त्रस्त बनेका हुन्।

पछिल्लो समय लगातार मानिसमाथि आइलाग्न थालेपछि नरभक्षी चितुवा नियन्त्रणमा लिइएको छ।

लामो सयमको प्रयासपछि चितुवालाई खोर थापेर नियन्त्रणमा लिइएको डिभिजन वन कार्यालय तनहुँका प्रमुख केदार बरालले जानकारी दिए। बाख्रा राखेर खोर बनाएको खोरमा थुनिएको उक्त चितवालाई चिडियाखाना वा राष्ट्रिय निकुञ्ज पठाउने पनि बरालले बताए।

बालबालिकामाथि आक्रमण गरेर ज्यान लिने चितुवा नियन्त्रणमा आएपछि स्थानीयवासी खुशी भएका छन्। चितुवाको आक्रमणबाट यसअघि भानु नगरपालिकामा दुई बालक र दुई बालिकाको मृत्यु भएको थियो।

चितुवाको आक्रमणबाट ज्यान गुमाएका भानु नगरपालिका-३ दोरदोरका ६ वर्षीय विशाल श्रेष्ठ, सोही नपा- ४ जोखानेका ४ वर्षीया रन्जिता लम्साल, भानु नपा- दुईकै ढल्केवरका १० वर्षीय अमृत गुरुङ एवं सोही वडा भकुण्डथोकका ९ वर्षीया पुष्पा अधिकारीका परिवारलाई डिभिजन वन कार्यालयले दश दश/लाख दश लाख रुपैयाँका दरले राहत वितरण गरिसकेको छ।

# छोटी भन्सारको जाँचपास सेवा कार्यान्वयनमा आएन

**काठमाडौं।** भारतीय सुरक्षाकर्मीले नेपाली भित्र्याउन रोक लगाएपछि पूर्वी नवलपरासीको त्रिवेणी छोटी भन्सार कार्यालयले सेवा प्रदान व्यवहारिक रूपमा कार्यान्वयन गर्न पाएको छैन।

पच्चीस हजार रुपैयाँसम्मको भारतीय समान नेपाल भित्र्याउँदा एक महीना अघिदेखि भन्सार सेवा प्रारम्भ गरिए भए पनि सेवाग्राही नै नआउने गरेकाले भन्सार कार्यालयको कामकाज पनि ठप्प भएको हो।

व्यापारीलाई लक्षित गरी भारतीय बजारबाट पच्चीस हजार रुपैयाँसम्मको सामग्री नेपालतर्फ ल्याउँदा भन्सार महसुल बुझाउने पर्ने सेवा प्रदान गर्ने कार्यालयको लक्ष्य राखिए पनि त्यो कार्यान्वयनमा आउन सकेको छैन।

नजिकैको भारतीय सुरक्षाकर्मीले रोक लगाएको कारणले व्यापारीहरू सेवा लिन नआउने गरेका कार्यालय सहयोगी मानसिंह बानियाँले बताए।

भारतीय बजारबाट सामग्री नेपालतर्फ ल्याउँदा सरकारले छोटी भन्सारबाट पहिलो चरणमा पच्चीस हजार रुपैयाँसम्मको जाँचपास सेवा सञ्चालन गरे पनि कार्यान्वयनमा लैजानु मुख्य चुनौती रहेको छ।

# जुनसुकै बिरामीलाई काम लाग्ने मान्छेको रगतको कृत्रिम उत्पादन



**एजेन्सी।** विज्ञान-प्रविधिको उच्चतम विकासले संसारभर आश्चर्यजनक उपलब्धि हासिल भैरहेका छन्।

यसै मेसोमा पछिल्लो पटक वैज्ञानिकहरूले प्रयोगशालाबाटै मान्छेको शरीरमा चढाउन मिल्ने रगतको आविषकार गरेका छन्।

वैज्ञानिकहरूले हालै आविष्कार गरेको कृत्रिम रगत जुनसुकै रोग लागेका र सबैखाले 'ब्लडग्रुप' का बिरामीलाई दिन सकिने बताइएको छ।

जापानको टोकोरोजावास्थित 'नेसनल डिफेन्स मेडिकल कलेज' मा त्यस्तो कृत्रिम रगतको सफलतापूर्वक प्रयोग गरिएको हो। यो रगतलाई सामान्य तापक्रममै एक वर्षसम्म सुरक्षित राखेर प्रयोग गर्न सकिने बताइएको छ।

अन्तर्राष्ट्रिय अखबार 'डेलीमेल' ले जनाए अनुसार मानव शरीरको रगतमा हुनुपर्ने सबै तत्त्व भएको रगत बनाउन जापानी वैज्ञानिकहरू सफल भएका हुन्।

उक्त समाचार अनुसार प्रयोगशालामै बनाइएको कृत्रिम रगतमा ब्लड सेल्स, अक्सिजन, प्लेटेलेट्सलगायतका रगतमा हुनुपर्ने सबै तत्व उपलब्ध छन्। र, यो कृत्रिम रगतको सफलतापूर्वक परीक्षण समेत भैसकेको छ।

प्रयोगशालामा बनाइएको रगतलाई दसवटा खरायोमा गरिएको परीक्षणमा सफल देखिएको छ। रगतको अभावमा स्वास्थ्य समस्या देखा परेका छवटा खरायो यो रगतको प्रयोगद्वारा स्वस्थ भैसकेका छन्।

भविष्यमा रगतको अभाव हुन नदिने गरी आफूहरूले काम गरिरहेको वैज्ञानिकहरूले बताएका छन्।

रगतकै अभावका कारण अबको विश्वमा कसैले पनि मर्नु नपर्ने ती वैज्ञानिकहरूको दावी छ।

ग्रामीण क्षेत्रमा रगतको अभावमा जीवन बचाउन असफल हुने विगतको तीतो अनुभूति अब कहिल्यै नदोहोरिने जापानस्थित नेसनल डिफेन्स मेडिकल कलेजका वैज्ञानिक मनाबू किनोशिताले बताए।


रामेछापवासीका लागि रामेछापवासीद्वारा प्रकाशित/सम्पादित

**रामेछाप पोष्ट**

खोजीखोजी पढ्ने गरौं।

हरेक आइतबार

**जनप्रवाह साप्ताहिक**

खोजीखोजी पढ्ने गरौं।

२०७५ साल भदौ १ गते लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरू :

- हुलदङ्गा गर्नेलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयाँसम्म जरिवाना हुने,
- सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक सेवा अवरुद्ध गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- सार्वजनिक शान्ति भङ्ग गर्ने, हुलदङ्गा गर्ने वा सार्वजनिक सम्बन्धलाई खलल पार्ने नियतले झुट्ठा अफवाह फैलाउनेलाई एक वर्षसम्म कैद र दस हजार रुपैयाँसम्म जरिवाना हुने।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रशारण विभाग

# चाडबाड...

स्थानमा सवारी जाँच हुँदै आएको र एक हजार बढी ट्राफिक प्रहरी खटाइएको छ।

महाशाखाका प्रवक्ता रविराज पौडेलले विभिन्न क्षेत्रमा मापसे विरुद्ध कडाईका साथ जाँच भरहेको बताए। राजधानी भित्रिने नाका र व्यापारिक केन्द्रहरूमा विशेष निगरानी बढाइएको प्रहरीले जनाएको छ। नागढुङ्गा क्षेत्रमा गाडीको जामलाई मध्यनजर गरी प्रहरी निरीक्षककै नेतृत्वमा ट्राफिक व्यस्थापन मिलाईएको पौडेलले बताए।

पौडेलले चाडवाडमा बढी भाडा लिने र यात्रुलाई दुःख दिनेहरूको निगरानी र कारवाहीका लागि सादा पोशाकमा प्रहरी परिचालन गरिएको पनि जानकारी दिए।

# मुलुकको...

अर्थतन्त्रको विकास हुने धारणा व्यक्त गरे। देश विकासको बाधकका रूपमा रहेको असारे विकासको अवधारणा परिवर्तन गर्नुपर्ने पनि श्रेष्ठको टिप्पणी थियो।

नेता श्रेष्ठले बजेट छुट्याउने तर सम्पूर्ण बजेट खर्च गर्न नसक्ने परिपाटीको अन्त्य गर्नुपर्ने आवश्यकता रहेको बताए। कसैलाई दोष दिएर पन्छिन नमिल्ने काम गरेर देखाउनु पर्ने एकमात्र विकल्प रहेको श्रेष्ठको भनाइ थियो। नेपाल विश्वकै सुन्दर र अत्यन्त सम्भावना युक्त राष्ट्र भएर पनि उचित प्रयोग गर्न नसकिरहेको अवस्थामा सबै दल, वर्ग र क्षत्रेका नागरिक एक भएर लाग्नुपर्ने प्रवक्ता श्रेष्ठको विश्लेषण थियो।

समृद्ध नेपाल निर्माणको नेतृत्व सबैभन्दा ठूलो दल नेकपाले गरे पनि प्रतिपक्षी दल पनि उत्तिकै जिम्मेवार भएर लाग्नुपर्ने श्रेष्ठको धारणा थियो।

# निर्भयपूर्वक...

'विज्ञान र प्रविधिका कारण आम विनाशकारी हतियार र विस्फोटक पदार्थ उत्पादन र स्वार्थका लागि हतियारको प्रयोग गर्ने गलत बाटोलाई गान्धीपथले स्वीकार्दैन। दुनियाँलाई हिंसा र त्रासबाट मुक्त राख्न जरुरी छ।'

यसैबीच पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले गान्धी बिसौं शताब्दीका महान् र आत्मिक चिन्तनयुक्त व्यक्तित्व भएको चर्चा गरे। भट्टराईले समाज परिवर्तनका लागि अहिलेको विश्व व्यापीकरणका सन्दर्भमा आणविक हतियारबाट होइन शान्तिपूर्ण दवाब र सत्याग्रहको गान्धीपथ सामयिक हुने टिप्पणी गरे।

उक्त कार्यक्रममा पूर्वराष्ट्रपति डा. रामवरण यादव, नेपाली काङ्ग्रेसका नेता विजयकुमार गच्छदार, नेपालका लागि भारतीय राजदूत मञ्जिब पुरीलगायत सहभागिता रहेको थियो।

# विश्वआर्थिक...

द्विपक्षीय भेटवार्ता समेत गर्नेछन्। त्यस क्रममा उनले विश्वका आर्थिक क्षेत्रका नेताहरूसँग पनि भेटघाट गर्ने कार्यक्रम छ। भ्रमणको अवसरमा मन्त्री खतिवडा र भारतीय समकक्षी निर्मला सिथारमणबीच त्यहाँको अर्थ मन्त्रालयमा द्विपक्षीय भेटघाटको समेत कार्यक्रम तय भएको छ।

दुई अर्थमन्त्रीबीच पछिल्लो आर्थिक स्थिति, नेपाल-भारत सम्बन्ध, भारतले नेपालमा सहयोग गरेका आयोजनाको अवस्थालगायत समसामयिक विषयमा छलफल हुनेछ। मन्त्री खतिवडा असोज १८ मा स्वदेश फर्कने कार्यक्रम रहेको अर्थमन्त्रीका प्रेस संयोजक यमन पौड्यालले जनाएका छन्।

# आफ्नैसँग...

त्यागेर एकढिक्का नभएसम्म गुमेको साख फर्काउन सकिँदैन।' नेपाल शिक्षक संघ काभ्रेले आयोजना गरेको शुभकामना आदान-प्रदान तथा शिक्षक सम्मान कार्यक्रममा बोल्दै आइतबार सभापति देउवाले जनता नै सबैभन्दा ठूलो शक्ति भएको उल्लेख गर्दै जनताको सुख-दुःखमा साथ दिन काङ्ग्रेसका आम नेता तथा कार्यकर्तालाई आग्रह गरेका छन्।

'जनताको दैलो नटेक्ने अनि कसरी आउँछ भोट ?' सभापति देउवाले काँग्रेसजन सँगै प्रश्न गर्दै आक्रोश पोखे।

कार्यक्रममा नेता कृष्णप्रसाद सिटौलाले सभापति देउवाको समेत चेत खुलोस् भन्दै 'हामीले व्यक्तिगत स्वार्थका लागि मात्र काम गरिराखेका छौं कि देश र जनताका लागि पनि काम गरिरहेका छौं' भनी प्रश्न गरे। पार्टी सभापतिलाई पार्टीभित्र समानताको व्यवहार गर्न उनले आग्रह गरे।

# नेपालका...

गर्न सकिँदैन। अब हामी पिरोलिएर मात्र बसिरहने, चिन्तामात्रै लिएर बसिरहने, कहिले हुने हो अफगानिस्तानजस्तो होला भनेर अहिलेदेखि नै रोएर बस्ने कि गर्ने ? रोएर समस्याको समाधान हुने वाला छैन। हाम्रो आँसु पुछ्न कोही आउनेवाला छैन। राजनीतिमा त्यस्तो हुँदैन पनि। त्यो गरेरै जित्ने हो। त्यसकारण हामी नै सचेत हुनुपर्छ।

यहाँ पार्टीको कुरा मात्र पनि छैन। यहाँ प्रश्न पनि उठ्यो राष्ट्र ठूलो कि पार्टी ठूलो भनेर। राष्ट्र भएन भने यो पार्टीको झण्डा कहाँ लगेर राख्ने ? राष्ट्र छ र त हामी पार्टी बनाउँछौ र हामीले राजनीति गरिराखेका छौं। नेपाल रहेन भने त हामीले राजनीति गर्ने ठाउँ नै हुँदैन। यो राष्ट्रको मुद्दा हो। त्यसकारण नेपाली जनता विशेष रूपले सचेत हुनुपर्ने आवश्यकता छ। हामीले यसमा ढिलो गर्‍यौं र बुद्धि पुर्‍याएनौ भने त्यो खतरा यहाँ पैदा हुनेवाला छ।

भारतले क्रमशः हामीलाई फिजीकरण गर्दैछ भन्ने कुरा पनि अहिले चलिरहेको छ। नागरिकताको दृष्टिकोणले फिजीकरण हुँदैछ। नेपालीहरूलाई नेपालमै अल्पमतमा पार्ने योजना पनि बन्दै छ। सिक्किमीकरण, भुटानीकरण गर्दैछ भन्ने कुरा पनि चलिरहेको छ। यो इन्डोप्यासिफीक आइसकेपछि र उता बिआरआई सकेपछि अर्को महारोग पनि हामीलाई थपिएको छ। अब हामीले यही विषयलाई केन्द्रमा राखेर तपाईं हामी सबैले सोच्नुपर्छ र यो खतरा छ भनेर जनतालाई बुझाउनुपर्छ।

कम्युनिस्टहरूको रेकर्ड के हो भने देशलाई बचाउनुपर्छ भन्ने। हामी सत्तामा नभएपनि देशलाई आपद पर्‍यो भने लड्नुपर्छ र हामी लड्छौं। तर, यो सरकारले राष्ट्रिय स्वाधिनताको रक्षा गर्न असफल भएको छ। हाम्रो जस्तो देशको राष्ट्रिय स्वाधिनता खतरामा परिसक्यो। त्यसकारण उनीहरूले गरेका क्रियाकलापहरूमाथि पहिलापहिला हामी मात्रै आलोचना गर्थ्यौं। चुनावका बेलामा नै हामीले यिनीहरूले समृद्धि पनि दिँदैनन् भनेका थियौं तर जनताले पत्याएनन्। अहिले आएर तपाईंहरूले ठीक भन्नुभएको थियो रहेछ भन्ने महसूस गर्न थालेका छन्। आफैंले गरेको वाचाहरू पनि पूरा नगर्ने यो सरकार फाँसिवादतिर जाँदैछ। यो हामीले बुझे हुन्छ। फाँसीवादका थुप्रै संकेतहरू छन्। जस्तो, यहाँ अहिले विप्लवले नेतृत्वको गरेको नेकपालाई संविधानको प्रावधानलाई उल्लंघन गर्दै प्रतिबन्ध लगायो। हामीले प्रतिवद्ध हटाउनुहोस् भनेका छौं। त्यतिमात्र होइन, यो संविधानको दीपावली मनाउने होइन, तीनदिन सम्म दीपावली मनाए। कसले दीपावली मनाउँदैन हेरौंला भन्ने ?

अनि मैले अस्ति एक ठाउँमा भनेको पनि थिएँ, मलाई साँच्चै पञ्चायत फर्किन्छ कि जस्तो लाग्यो। पञ्चायतमा पनि पञ्चेहरूले पछिल्लो चरणमा त्यही गर्न थालेका थिए। सबै पञ्च नेपाली, सबै नेपाली पञ्च भनेर सुरु गरेका थिए। पञ्चायतमा यस्तो शब्द राखेका थिए। पुस १ गते सबैतिर दिपावली मनाउने भनेर उर्दी जारी गरेका थिए। ओलीले पनि त्यस्तै उर्दी जारी गर्न थालेछन्। पञ्चायतलाई फाल्यौं भनेर गर्व गर्नै नपर्ने भयो फेरी अर्को पञ्चायती व्यवस्था आउन थाल्यो भनेका थियौं, ओलीजीले त हो हो भनेर उर्दी जारी गर्न खोजेजस्तो पो गर्न थाले। उर्दी जारी गर्दिने, भनेको मानेन भने प्रशासनलाई भनेर दुःख दिने।

हामीलाई फासीवादको किन पनि डर छ भने फासीवादले के गर्छ भने प्रशासन मात्र प्रयोग गर्दैन उसका पार्टीका मान्छे बिरोधीतिर पनि भिडाइदिन्छ। अनि ओलीजिले अरिङ्गाल भिडाईदिन थाल्नुभएको छ। पहिले त त्यति अरिङ्गल त्यति उडेको थिएन, अब अरिङ्गल पनि उड्न थालेछ। अस्ति नेपालगञ्जको खजुरामा गएर कांग्रेस कार्यकर्ताको हात भाँचेछन्। पुलिसले हामीलाई किन बचाएन भनेर रूँदै हिँडिरहेका थिए। पुलिसले कसरी बचाँउछ ? अब ओलीजी आफैं अरिङ्गल कमाण्डर इनचिफ त भइहाल्नुभयो। अर्को कमाण्डर त गृहमन्त्री पनि होला। गृहमन्त्री आफै कमाण्डर छ त कहाँबाट बचाउँछ उसले ?

हामीले प्राप्त गरेको अधिकार यहाँ दुईतिरबाट हड्प्ने काम भइरहेको छ। एउटा प्रशासन लगाउने अर्को क्षेत्रबाट अरिङ्गल लगाउने। हुँदा हुँदा एकजना टिभीबाट बोल्दै थिए, प्रचण्ड देखि सबैलाई के के भने त्यति भनेको भरमा उनीहरूले त धनुषा र कास्की दुईटा जिल्लामा प्रतिबन्ध नै लगाइदिए। टेलिभिजनबाट गाली गर्‍यो भनेर प्रतिबन्ध लगाईदिने ? यो जिल्लामा पस्न पाउँदैनस भन्ने ? उसको पनि नागरिक अधिकार हुन्छ नी। के अब नागरिकले कुनै जिल्लामा जान नपाउने ? उसलाई लागेको कुरा बोल्न नपाउने ? यसको संकेत के देखिन्छ भने देश फासीबादतिर जाने खतरा पनि छ। हामी नेपाली अब कसरी जोगिने ? एकातिरबाट इण्डो-प्यासिफिक रणनीति ल्याएको छ, अर्को बिबिआएन पनि नेपालमै ल्याएको छ। बिआरआईले पनि त्यहाँ भूमिका खेलिरहेको छ। यो सरकारले केही गर्ला कि भनेको त अरिङ्गाल पठाइदिन्छ।

त्यसकारण म के भन्छु भने अब हामीले सोच्ने बेला भयो। हामीले त के भन्ने गरेका छौं भने फेरि अर्को जनआन्दोलनको आवश्यकता छ नेपालमा। यसो भन्दा कतिपयले त्यत्रो जनयुद्धमा, जनआन्दोलनमा बाँचिएको थियो भन्न थाल्छन्। चुप लागेर बस्दा विदेशी हस्तक्षेत्र पनि बढेको छ, देशभित्रै पनि फासीवाद बढ्दै गएको छ। के गर्ने अब ?

सरकारले केही गरेन भन्दा नेपाली कांग्रेसका बिचरा हाम्रा साथीहरू, तपाईहरू त प्रमुख प्रतिपक्ष हो नी। किन भिजेको बिरालो जस्तो भएर हिँडिरहनुभएको छ ? आवाज उठाउनुस भन्दा के भन्नुहुन्छ भने, हामीले भनेको कुरा सुन्दै सुन्दैनन्। दुई तिहाइको बहुमत छ, दुई तिहाईको बहुमत भनेपछि त्यहीबाट उनीहरूको सातोपुत्लो उढेर जाँदो रहेछ। हुन पनि संददीय खेलमा दुई तिहाईको ठूलो भूमिका हुन्छ। त्यो अकाट्य नै हुने भयो।

तर दुई तिहाइलाई पनि चुनौति दिने सुत्र पनि छ, त्यो हो सडक संघर्ष। सडक आन्दोलनले त्यसलाई हामी चुनौती दिन सक्छौं। त्यसले चाहिँ तीन चौथाई भए पनि मान्दैन। त्यसकारण नेपालमा फेरि पनि अर्को सडक आन्दोलनको आवश्यकता छ।

इण्डो-प्यासिफिक रणनीति जुन आएको छ, यो चाइनाको बिरुद्ध लक्षित छ। चाइनासँग अमेरिकाको फिलोसोफी पनि मिल्दैन। जापानले जतिसुकै प्रगति गरेपनि अमेरिकालाई केही पनि चिन्ता हुँदैन। आखिर हाम्रै त हो जापान त्यसलाई ठीक लगाई हालिन्छ भन्ने छ। चीन त अर्कै दर्शनबाट आएको भयो। चीनमा माओको नेतृत्वमा ठूलो क्रान्ति सम्पन्न भएर आएको पृष्ठभूमि छ। अर्कै दर्शन, अर्कै पद्धति, अर्कै तरिकाका साथ चीन आएको हुनाले अमेरिकाले उसलाई विश्वमा हावी हुन दिँदैन। चीनलाई यो कम्युनिस्ट देश भनेर नियन्त्रण गर्न खोजेको हुनाले उसले रोक्न खोज्छ। एउटा उदीयमान शक्ति र अर्को कम्युनिस्ट देश भएकोले यो काम भइरहेको छ।

त्यसकारण पहिलो नबरमा हामी देशभक्त हौं, चीनलाई घेरा हाल्न यो रणनीति ल्याएको हुँदा चीन के होला भन्ने चिन्ता भन्दा पनि नेपाल के हुने हो भन्ने चिन्ता गर्न आवश्यक छ। त्यसकारण यो रणनीतिलाई खारेज गर्नुपर्छ। त्यसका लागि अमेरिकी नीतिमा नेपाल सहभागी हुँदैन भनेर भन्नुपर्‍यो।

अमेरिकी राष्ट्रपतिलाई यो रणनीति खारेज गर भन्ने हाम्रो हैसियत नपुगेपनि हामी यसलाई अस्वीकार गर्छौं भन्ने हैसियत पुग्छ। सरकारले कुनै पनि हालतमा यो रणनीति मान्नु हुँदैन। यसबारेमा के के गर्न सकिन्छ गोष्ठि छलफलबाट जनतालाई जनचेतना जगाउदै जानुपर्छ। आम जनतालाई नै हामीले बिरोधमा उतारेर लाने हो भने यो सरकार त्यसमा सहभागी भएर जान सक्दैन।

*(इण्डो-प्यासिफिक रणनीतिबारे राजधानीमा आयोजित विचारमन्थन कार्यक्रममा व्यक्त विचार)*

# के नयाँ...

स्थापित गर्नु, बहुपक्षीय तथा बहुआयामिक सम्पर्क सञ्जाल निर्माण गर्नु, स्वतन्त्र-बहुलतायुक्त-सन्तुलित तथा दिगो विकास हासिल गर्नु, यस क्षेत्रका मुलुकहरूका विकास रणनीतिहरूका बीचमा समन्वय गर्नु, बजारको सामर्थ्यलाई उपयोग गर्नु, लगानी र उपभोगलाई प्रोत्साहित गर्नु, माग र रोजगारी सिर्जना गर्नु, जनस्तरमा साँस्कृतिक आदान-प्रदानलाई बढाउनु, सम्बन्धित मुलुकका जनताबीच आपसी सिकाइलाई बढाउनु र तिनीहरूका बीच समझदारी, विश्वास, सम्मानका साथ सामञ्जस्य, शान्ति र समृद्धिका बाँच्न सघाउनु यसका उद्देश्य हुन्।

बिआरआईले संयुक्त राष्ट्रसंघका उद्देश्य तथा सिद्धान्तहरू र शान्तिपूर्ण सहअस्तित्वका सिद्धान्तहरू : एकअर्कोको सार्वभौमसत्ताको र भौगोलिक अक्षुण्यताको सम्मान, अनाक्रमण, एकअर्काको आन्तरिक मामिलामा अहस्तक्षेप, समानता र पारस्परिक लाभ र शान्तिपूर्ण सहअस्तित्वलाई अवलम्बन गर्छ। यसले सभ्यताहरूका बीचमा सहनशीलता र मुलुकहरूले चयन गरेका विकासका बाटा र पद्धतिहरूको पक्षमा रहन्छ, विभिन्न सभ्यताका बीच साझा मुद्दाको खोजीका लागि सम्वादलाई समर्थन गर्छ, ता कि तिनीहरूले आफ्ना मतभेदहरूलाई थाती राखेर सामर्थ्यलाई अगाडि बढाउन् र सहअस्तित्व र शान्तिका साथ रहन सकुन्। मुलुकहरूका बीच नीतिगत समन्वय, पूर्वाधारहरूको संयोजन, अवरोध विहीन व्यापार, वित्तिय समायोजन र जनतस्तरमा सम्बन्धको विकास यसका लक्ष्य हुन्। यो यस्तो एउटा मञ्च हो जहाँ मुलुकहरूले स्वतन्त्रतापूर्वक द्विपक्षीय वा बहुपक्षीय सहयोगका क्षेत्रहरू खोज्न सक्छन्, यस क्षेत्रमा बनेका अन्तरराष्ट्रिय तथा क्षेत्रीय सहयोग संगठनहरू, वित्तिय संगठनहरूका बीच समन्वय गर्न सक्छन् र तिनीहरूबाट फाईदा लिन सक्छन्। यो यस्तो मञ्च हो जहाँ मुलुकहरूले व्यापार, लगानी र नाफाको कुरा गर्छन्। त्यस अर्थमा यो आफैमा 'सबैसँग भएको सबैले बाँड्ने' समाजवादी परियोजना होइन। तर वर्तमान वित्तिय पुँजीवादी युगमा सबैले स्वतन्त्रतापूर्वक समानताका आधारमा पुँजी बजारमा पहुँच राख्ने र आफ्नो विकासमा लगाउने मौका पाउँछन् जसले वित्तिय पुँजीको अनियन्त्रित शोषणलाई अर्थात वित्तिय एकाधिकारलाई रोक्छ। यस परियोजनाले चीनको आर्थिक बृद्धिलाई अरू मुलुकहरूको बृद्धिमा लगाउने र त्यसमार्फत् चीनकै दिगो बृद्धिलाई ठाउँ दिन्छ। यसरी चीन र अरू मुलुकहरू सँगसँगै सबैको साझा भविष्य निर्माण गर्ने सम्भावना दिन्छ। सी जिनपिङका दुई शताब्दि योजनाले स्वयं चिनियाँ कम्युनिस्ट पार्टी, राज्य र समाजको समाजवादी दिशा निश्चित गर्छ भने बिआरआइले चीनको समाजवादी अर्थराजनीतिक विकास र बाँकि विश्वको अर्थराजनीतिक सम्बन्धलाई व्याख्या गर्छ। त्यस अर्थमा यो आजको चीनका लागि यो सबैभन्दा एउटा महत्त्वपूर्ण विषय हो। बिआरआइ संयुक्त राष्ट्र संघका उद्देश्य र सिद्धान्तहरू, असंलग्न राष्ट्रहरूको आन्दोलन र त्यसका प्रस्थापनाहरू र अन्य अन्तरराष्ट्रिय र क्षेत्रीय सहयोग संगठनका सकारात्मक पहलकदमीहरूको जगमा निर्मित विभिन्न राष्ट्रहरूले साझा भविष्य खोज्न आर्थिक विकासका आआफ्ना बाटाहरू, विचारधाराहरू र अन्य सामाजिक-राजनीतिक मामिलामा स्वतन्त्रता र समानताका साथ अगाडि बढ्न खोज्ने सबैको साझा मञ्च हो। ती प्रस्थापनाहरूले गर्दा इतिहास, सभ्यता, विचारधारा, राजनीतिक तथा आर्थिक प्रणालीहरूको भिन्नताका साथ साझा भविष्यको खोजी गर्ने पहल कदमी हो। यस अर्थमा राष्ट्रहरूका बीच साझा हित खोज्न यसभन्दा अघि भएका पहलकदमीहरूमा रहन गएका कमजोरी र सीमाहरूलाई यसले सम्बोधन गर्ने मान्यता राख्छ। एउटा मुलुकमा समाजवाद निर्माण गर्ने र विश्व क्रान्तिको जिम्मा लिने बाटोबाट सोभियत संघ जुन सङ्कटमा फस्दै गयो र विश्व व्यवस्थामा विकल्प बन्न असफल भयो चीनले ती कमजोरीबाट बेलैमा शिक्षा लिएको छ। यसले 'एउटै मुलुकमा समाजवाद' भन्ने सिद्धान्तको नयाँ भाष्य स्थापित गरेको छ; कोही बढी समाजवादी कोहि कम समाजवादी, कोहि कुनै कुरामा समाजवादी अर्को चाँहि अर्को कुरामा समााजवादी हुँदै विकसित हुँदै जाने बाटो स्थापित गरेको छ। आजको समाजवादी आन्दोलन र त्यसको विकासका सिद्धान्तहरूका सन्दर्भमा आजका कम्युनिस्ट र गैरकम्युनिस्ट समाजवादीहरूका लागि यसले महत्त्व राख्छ।

अन्त्यमा विकसित चीनको उदयले नयाँ विश्व व्यवस्थाको ढोका खोल्न सक्ने सम्भावना बढेको छ। तर यो सम्भावना आफैमा जटील सम्भावना हो। एउटा लामो प्रक्रियामा बनेको विश्वव्यवस्था सजिलै भत्केर नयाँ बनिहाल्ने होइन। यसको सफलता भविष्यकै गर्भमा छ। तर यो एउटा ऐतिहासिक पहलकदमी हो। फेरि, कुनै विश्वस्तरीय परियोजनामा कहिँकतै कमजोरी रहन्नन् भन्न सकिन्न तर यसमा महत्वपूर्ण कुरा के छ भने चीन र यसका सहभागीहरूले यसलाई सुधार्दै, परिमार्जन गर्दै र विकसित गर्दै जान सक्छन्। वा, त्यो परियोजनाले अरू यस्तै र योभन्दा अझ उन्नत परियोजनाको ढोका खोल्न सक्छ।

स्वयं चिनियाँ कम्युनिस्ट पार्टीले भनेझैं सी जिनपिङ विचार र बिआरआइ चिनियाँ चरित्रको समाजवाद निर्माणका क्रममा जन्मेका हुन्। नयाँ विश्व व्यवस्था बन्ने क्रममा त्यसमा हाम्रो स्थान र भूमिका नेपाली चरित्रको समाजवाद निर्माण गर्ने क्रममा हाम्रो योग्यताले निर्धारण गर्नेछ।

*(नेपाल कम्युनिस्ट पार्टीका स्थायी कमिटी सदस्य तथा कार्ल मार्क्स जन्म द्वीशतवार्षिकी समारोह समितिका संयोजक भुसालले शनिबार राजधानीमा आयोजित एक अन्तरक्रिया कार्यक्रममा प्रस्तुत गरेको विचार)*

**कोसेली मिडिया सपोर्ट प्रा.लि. का लागि प्रकाशक/प्रधान सम्पादक** : केदारनाथ गौतम **कार्यकारी सम्पादक** : सानु राय (गौतम) **अतिथि सम्पादक** : शिव बस्नेत

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४९६००२०९ **इमेल** : janajibro@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं